# नयाँ संविधानमा दलितका एजेण्डाहरू

## २०६५

दलित गैरसरकारी संस्था महासंघ (DNF)

nlnt k/' , gjkfn .



## प्रकाशकीय

जनआन्दोलनको सफलतासँगै मुलुक अग्रगामी परिवर्तनको दिशामा बढिरहेको छ । जातीय, लैङ्गिक, क्षेत्रीय, भाषिक, भौगोलिकलगायतका सवालहरु एकपछि अर्को गर्दै नेपाली समाजमा उठिरहेका छन् । बहुचर्चित संविधानसभाको गठन र संविधानसभाको पहिलो बैठकद्वारा घोषित संघीय लोकतान्त्रिक गणतन्त्रसगै नेपाली समाजका बहुपक्षीय सवालहरु र आवाजहरु संविधानमार्फत् मुखरित गराउने अभियानमा सबै जुटिरहेका छन् ।

नेपाली समाजको विशिष्टतामा आधारित अमानवीय छुवाछूत विभेदबाट आज मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र घोषित भइसक्दासमेत कुल जनसंख्याको २० प्रतिशत हिस्सा ओगटेको दलित समुदाय प्रताडित र दण्डित भइरहेको छ । यो मानव जातिको इतिहासको अमानवीय कलंकबाट समाजलाई मुक्ति दिलाउने अभियानमा दलित समुदायका विभिन्न संघ संगठनहरु लागिरहेको अवस्था छ । यसै परिप्रेक्ष्यमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएर रहेका दलित समुदायका साझा सवालहरु चरणबद्ध छलफलपश्चात् साझारुपमै राज्यसमक्ष ल्याउनु अहिलेको आवश्यकता हो । यो विशिष्ट आवश्यकता पूरा गर्ने अभियानमा दलित गैरसरकारी संस्था महासंघले दलित समुदायका संघ संगठन र नागरिकहरुसँगको साझा सवालकारुपमा मूलभूत मुद्दाहरुलाई अगाडि सार्ने जमर्को गरेको छ । दलित समुदायको साझा सवालहरुको दस्तावेज प्रकाशनमा ल्याई सरोकारवालाहरुसम्म पुऱ्याउने हाम्रो अभियानले पक्कै पनि दलित मुक्ति आन्दोलनको उचाइ बढाउने सन्दर्भमा एउटा ईट्टा थप्छ भन्ने हामीले विश्वास लिएका छौं । मेची-महाकाली, हिमाल-पहाड-मधेसका दलित समुदाय र सरोकारवाला हरुसगको व्यापक छलफलबाट तयार पारिएका सवालहरु दलित मुक्ति आन्दोलनका साझा सवालकारुपमा स्थापित हुनेमा हामी विश्वस्त छौं । यो अभियानमा सहयोग पुऱ्याउने सम्पूर्ण व्यक्ति तथा संस्थाहरुप्रति आभार व्यक्त गर्दै यी सवालहरुलाई स्थापित गरी नयाँ बन्ने संविधानमा मुखरित गराउने अभियानमा हातेमालो, साथ र सहयोगका लागि दलित गैरसरकारी संस्था महासंघकातर्फबाट हार्दिक अपिल र आह्वान गर्न चाहन्छौं ।

**टेकबहादुर रैका**
कार्यबाहक अध्यक्ष

**बोमबहादुर विश्वकर्मा**
महासचिव

# प्राक्कथन

दलित गैरसरकारी संस्था महासंघले स्थापना कालदेखि नै राष्ट्रियस्तरको नीति नियम बनाउनको लागि आवश्यक सूचना तय गर्ने, विश्लेषण गर्ने, त्यसको आधारमा नीति निर्माणको लागि दवाव सृर्जना गर्ने काम गरिरहेको छ । राष्ट्रको दलितमूखी योजना बनाउन, नियम कानूनको विश्लेषण गरी त्यसमा सुधार गर्न वा नयाँ कानूनको निर्माण गर्न लगातार सिफारिस गर्ने तथा दवाव सिर्जना गर्ने काममा महासंघ अग्रपङ्तीमा छ । महासंघले दलित समुदायको लागि आरक्षणको नमूना ( Reservation Modality) तयार गरी दलित समुदायलाई राज्यको सबै निकायहरुमा समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टीको लागि सिफारिस गर्दै आएको छ । सार्वजनिक सरोकारका विषयहरु Public Interest Litigation (PIL) दायर गरि सार्वजनिक रुपमा असर पुऱ्याइरहेको दलित समुदायसँग सम्बन्धित मुद्दाहरुप्रति सिँगो राष्ट्रको ध्यानाकर्षण गराउदै आएको छ । त्यसैगरी दलित मानवअधिकार हनन्का घटनाहरुको अनुगमन गर्ने, दोषीमाथि कार्वाही अगाडि बढाउन सम्बन्धित पक्षलाई सिफारिस गर्ने, आदि कार्यहरुमा महासंघले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

उत्पीडित दलित समुदायले मानवअधिकार प्रजातान्त्रिक आन्दोलनहरुमा महत्वपूर्ण भूमिका निभाउदै आएको भए तापनि उनीहरुको अवस्थामा तात्वीक भिन्नता आएको महसुस गर्न पाएका छैनन् । अहिले देश संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान लेखनको प्रकृयामा रहेको अवस्थामा छ । अब आउने राज्यको पुनःसंरचित ढाँचामा पनि दलित समुदायका सवालहरु समेटिन सकेन भने लामो समयदेखि सच्चा मुक्तिको लागि दलित समुदायले गरेको योगदानको कदर नहुने मात्र होइन जनआन्दोलन २०६२/०६३ ले दिएको म्यन्डेटको समेत हनन् भएको ठहर्छ किनकि जनआन्दोलनको मूख्य म्यान्डेट समावेशी लोकतान्त्रिक गणतन्त्र थियो । अर्को तिर संविधानभित्र दलितका एजेण्डा समावेश नगरी पूर्ण शान्ति, विकाशको कल्पनासमेत गर्न सक्ने स्थिति छैन ।

दलित गैरसरकारी संस्था महासंघले नयाँ नेपालमा दलित समुदायको मुक्तिकालागि नयाँ संविधानमा के-के प्रावधानहरु समावेश हुनुपर्दछ, भनि पहिचान गर्न महासंघले केन्द्रीय तहमा, जिल्ला तहमा, क्षेत्रिय तहमा विभिन्न परामर्शीय कार्यक्रमहरु सम्पन्न गरी दलित समुदायको मुख्य/मुख्य सवालहरुको पहिचान गरेको छ । दलित समुदायले विगत लामो समयदेखि उठाउदै आएका सवालहरु नीति निर्माणतहमा समानुपातिकरुपमा आरक्षणको व्यवस्था, भूमीलगायत अन्य प्राकृतिक साधन स्रोतहरुमा दलित समुदायको पहुच, छुवाछूत मुक्त राष्ट्रलाई व्यवहारतः कार्यान्वयनको लागि संरचनागत व्यवस्था गर्नुपर्ने, दलितमूखि शिक्षाको व्यवस्था, दलित समुदायको स्वास्थ्य रहने हक अधिकारको ग्यारेन्टी, दलित समुदायमाथि भइरहने विभिन्न खाले भेदभाव/छुवाछूतको अन्त्यको लागि आवश्यक कानुनी प्रावधानहरु, संघीय संरचनामा दलित समुदायको समानुपातिक समावेशीकरण लगाएतका सवालहरु नै दलित समुदायका मुख्य एजेण्डाहरु हुन् । यस एजेण्डा पेपरमा प्रमुख तिनै मुख्य सवालहरुलाई समावेश गरेको छ ।



दलित समुदायले देशमा गणतन्त्रको स्थापना गर्न उत्तीकै महत्वपूर्ण भूमिका खेलेको भए तापनि यो समुदायको विकासका लागि राज्यले ठोस नीति बनाएर कार्यान्वयन गर्नेतर्फ कम ध्यान पुऱ्याउदै आएको तितो यथार्थ हामीले बेहोर्दै आएका छौं । संविधानसभाको निर्वाचनमा समानुपातिकरुपमा दलित समुदायको अर्थपुर्ण प्रतिनिधित्व हुनुपर्नेमा हुन सकेन । दलित समुदायलाई राज्यका हरेक निकायमा समानुपातिक समावेशीकरणको नीति अन्तरिम संविधान भित्र समावेश गरी त्यसलाई कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने तर त्यसमा राजनीतिक पार्टीहरु मौन रहे ।

अन्त्यमा यस प्रकाशनलाई प्रकाशोन्मुख बनाउन सहयोग गरिदिनुहुने दलित एजेण्डा तयारी टीमका प्रमुख हीरा विश्वकर्मा, सदस्यहरु मीन विश्वकर्मा र मुकुन्द क्षेत्री, आवश्यक पृष्ठपोषण दिने महासंघका पदाधिकारीज्यूहरु, विभिन्न क्षेत्रीय परामर्शीय कार्यक्रम आयोजना गरी सुझाव संकलनमा सहयोग पुऱ्याउने दलित गैरसरकारी संस्था महासंघ क्षेत्रीय समितिहरु, लगातार काममा लाग्ने कर्मचारी साथीहरुमा धन्यवाद दिन चाहन्छु । हामीले क्षेत्रीयतहमा विभिन्न निकायहरु तथा विज्ञहरुबाट परामर्श लिएर यो एजेण्डा पेपर तयार पारिएको हो । यति हुँदाहुँदै पनि कतिपय कुराहरु छुटेका पनि हुनसक्छन् । सबै पाठक, विज्ञ र दलित नेतृत्व वर्गमा थप सुझाव र सल्लाहको लागि हार्दिक अपेक्षा समेत गर्दछु ।

**धन्यवाद !**

तीर्थ विश्वकर्मा
कार्यकारी निर्देशक

# विषयसूची

१. परिचय ४

२. दस्तावेज तयारीको प्रकृया ४

३. राजनीतिक समस्या, संवैधानिक र कानूनी व्यवस्था ७
क. वि.सं. २००७ भन्दा अगाडिको अवस्था ७
ख. वि.सं. २००७ देखि २०४६ सम्मको अवस्था ७
ग. वि.सं. २०४७ सालको संविधान र दलित ८
घ. जनआन्दोलन २०६२/६३ पछिको अवस्था ९
ङ. राजनीतिमा दतिलको सहभागिता १०

४. आर्थिक समस्या र संवैधानिक तथा कानूनी व्यवस्था ११

५. सामाजिक समस्या र संवैधानिक तथा कानूनी व्यवस्था १५

६. कानूनी व्यवस्था १८

७. जातीय विभेद विरुद्ध अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरु १९
७. शिक्षा तथा स्वास्थ्यको सन्दर्भमा भएको व्यवस्था २०

८. नयाँ संविधानमा दलित समुदायका सवालहरु २३
क. राजनीतिक सवाल २३
ख. सामाजिक सवाल २४
ग. आर्थिक सवाल २५
घ. कानूनी सवाल २६
ङ. शैक्षिक सवाल २६
च. स्वास्थ्य २७





# परिचय

दलित गैरसरकारी संस्था महासंघ नेपालका करिब ३०० वटा करिब ५८ जिल्लामा छरिएर रहेका दलितहरुबाट स्थापित र संचालित गैरसरकारी संस्थाहरुको छाता संस्था हो । यसको अनौपचारिक सुरुवात सन १९९६ मा भए तापनि यसले औपचारिक स्वरुप सन १९९८ देखि पाएको हो । यसको १० वर्षको कार्यकालमा नेपालका दलितहरुको आर्थिक सामाजिक र राजनैतिक सवालहरुलाई स्थापित गर्ने, त्यसमा सरोकारवालाहरुको ध्यानाकर्षण गर्ने र अन्यायमा परेका तथा पीडित दलितहरुलाई न्याय दिलाउने कार्यमासमेत सकृय भूमिका खेल्दै आएको छ । अहिले देश संविधान निमार्णको प्रकृयामा छ, प्रत्यक्ष, समानुपातिक तथा मन्त्रीमण्डलबाटसमेत सिफारिस भई ५९६ सभासद्हरु संविधानसभामा पुगेका छन् । त्यस मध्ये ५० दलितहरु प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट पुग्न सफल भएका छन् । यसरी नेपालको इतिहासमा ८.१५ प्रतिशत दलितहरुले प्रतिनिधित्व प्राप्त गर्नु आफैमा ठूलो उपलव्धी हो । तर भौतिक उपस्थिति पहिलो शर्त हुँदा हुँदै पनि त्यहाँ उपस्थित हुनेले दलितका सवालमा आवश्यक तथा प्रभावशाली भूमिका खेल्न सकेनन् भने त्यसले कुनै अर्थ राख्दैन । त्यस्तै दलितका एकीकृत तथा साझा सवाल भएनन् भने पनि त्यहाँ प्रतिनिधित्व गर्ने सभासद्हरुले के कुरा राख्ने भन्ने बारेमा अन्योल हुन सक्छ । यिनै परिवेशमा नेपालका दलित गैरसरकारी संस्थाहरुको साझा संस्था यस दलित गैरसरकारी संस्था महासंघले दलितको सवालमा वैज्ञानिकरुपमा खोज अनुसन्धान तथा यसका सरोकारवालाहरुलाई समेत सहभागी गराई उनीहरुको आवश्यक परामर्श र सुझाव लिएर आगामी संविधानका लागि दलितका एजेण्डाहरु तयार गर्ने कार्य भएको छ ।

यो दस्तावेजले नेपालको संवैधानिक विकास र दलित, वर्तमान कानून तथा अन्तरिम संविधानमा भएका दलित सम्वन्धि प्रावधानहरु तथा आगामी संविधानमा सुनिश्चित गरिनु पर्ने दलितका सवाललाई समेटेर प्रस्तुत गर्ने जमर्को गरेको छ । यस सम्वन्धी कार्य युएनडीपीको CASU यूनिट तथा यो दलित गैरसरकारी संस्थाकोसमेत संलग्नतामा भएको बृहत सम्मेलन तथा भेलाले दलितका सवाल उठान गर्ने प्रयास गरेको छ । तर उक्त कार्यक्रम पछि निकालिएको दस्तावेजले दलित सवालमा सरोकार राख्नेहरुलाई बुझ्न तथा त्यसलाई व्यवहारमा उतार्न अझ सजिलो होस भनि सो कार्यलाई अझ एक फड्को अगाडि पुर्‍याउने हेतुले यो दस्तावेज तयार गर्ने कार्य भएको छ ।

## दस्तावेज तयारीको प्रकृया

यो दस्तावेज तयार गर्दा गर्नु पर्ने आवश्यक पकृया सवै पुरा गरिएको छ, खास गरी क्षेत्रीयस्तर तथा केन्द्रीयस्तरको परामर्शलाई विशेष प्राथमिकता दिई यो दस्तावेजलाई चुस्त दुरुस्त बनाउने कोशिस गरिएको छ । सवै भन्दा पहिले दलित अधिकारको क्षेत्रमा अध्ययन अनुसन्धान तथा वकालतकोमाध्यमबाट लागि परेका यस क्षेत्रका विज्ञहरु हिरा विश्वकर्मा, मीन विश्वकर्मा जो अन्तरिम संविधान २०६३ को निर्माता मध्ये एक हुनु हुन्छ र दलित अधिकारमा सरोकार राख्ने मुकुन्द क्षेत्रीको संलग्नतामा एउटा टोली तयार गरियो र यसको संयोजन हिरा विश्वकर्माले गर्नु

भएको थियो । उहाँहरु मध्ये हिरा विश्वकर्माले दलितका आर्थिक तथा सामाजिक सवाल, मीन विश्वकर्माले राजनैतीक र कानूनी सवाल मुकुन्द क्षेत्रीले शैक्षिक तथा स्वास्थ्य सवालमा खोज गरी पहिले आ-आफ्नो स्तरबाट दस्तवेज तयार गर्नु भयो र त्यसलाई परिमार्जन र संयोजन गर्ने कार्य हिरा विश्वकर्माले गर्नु भएको हो ।

## उपलव्ध दस्तावेजहरुको पुनरावलोकन

कुनै पनि दस्तावेज तयार गर्नु भन्दा पहिले त्यस विषयसँग सम्वन्धित दस्तावेजहरुको पुनरावलोकन गर्नु पर्ने हुन्छ । यस सिलसिलामा खास गरी नेपालको अन्तरिम संविधान २०६३, ल्यानकाउ नेपालबाट तयार गरिएको संविधानसभाले निर्माण गर्ने नमूना संविधानलगायतको दस्तावेजहरुको गम्भिर अध्ययन र मनन् गरिनुका साथै नेपालको कानून, नेपालले मानव अधिकारको क्षेत्रमा गरेको अन्तर्राष्ट्रिय सन्धी सम्झौताको पुनरावलोकनसमेत गर्ने कार्य भएको छ । आवश्य परेको ठाउँमा त्यस क्षेत्रका व्यक्ति तथा विज्ञहरुसँग पनि परामर्श गरिएको छ । यो दस्तावेज तयार गर्ने क्रममा पढिएका तथा पुनरावलोकन गरिएका सामाग्रीहरुको विस्तृत विवरण यसको सन्दर्भ सूची खण्डमा दिइएको छ ।

## परामर्श गोष्ठीहरु

यो दस्तावेज तयारी गर्नका लागि करिब ३ महिनाको समय खर्च गरिएको छ र यो वास्तवमा भन्ने हो भने अत्यन्तै प्रतिनिधिमूलक बनेको छ भन्दा अत्युक्ति नहोला । नेपालको पाँचै विकास क्षेत्रमा क्षेत्रीय गोष्ठीमार्फत् सुझाव संकलन गरिनुका छुट्टै परामर्श गरी सुझाव संकलन गरिएको छ । अतः मुख्य/मुख्य ठाउँहरुमा गरिएका परामर्श गोष्ठीहरु यस प्रकार छन् ।

### सुदुर पश्चिमाञ्चल भेला

विभिन्न दलित गैरसरकारी संस्थाहरुका प्रतिनिधि, दलित कार्यकर्ताहरु र स्थानीयस्तरमा भएका राजनैतिक पार्टीहरुका दलित भातृसंस्थाहरुका प्रतिनिधिहरु गरी जम्मा ५३ जना सहभागीहरुको उपस्थितिमा २०६५/०२/०१ गते (१४ मे २००८) मा कैलाली जिल्लाको धनगढीमा एउटा वृहत् परामर्शीय गोष्ठीको आयोजना गरिएको थियो । सो गोष्ठीले एउटा एकीकृत दलित आन्दोलनकोमाध्यमबाट आगामी संविधानसभामा दलितका एजेण्डालाई स्थापित गराउनु पर्ने कुरामा जोड दिएको थियो ।

### मध्य पश्चिमाञ्चल भेला

बाँके जिल्लाको नेपालगंजमा २०६५/०२/०६ गते (१९ मे २००८) का दिन यो क्षेत्रका १३ जिल्लाहरुको प्रतिनिधिसहित एकदिने गोष्ठी आयोजना गरिएको थियो । सो कार्यक्रममा जम्मा ८५ जना दलित कार्यकर्ताहरु राजनैतिक तथा गैरसरकारी क्षेत्रहरुबाट उपस्थित थिए । सो गोष्ठीमा दलितसँग सम्वन्धित तथ्याङ्क र सवालहरु प्रस्तुत गरिएका थिए । सो समारोहमा उपस्थित पत्रकारहरुले आ-आफ्नो पत्रिकामा पनि स्थान दिएको थिए । सोही दिनको भोलीपल्ट कान्तिपुर राष्ट्रिय दैनिकले भित्रि पृष्ठमा सो कार्यक्रमका तथ्याङ्कसहित समाचार दिएको थियो ।





### पश्चिमाञ्चल भेला

२०६५/०१/२६ गते (२००८ मे महिनाको ८) तारिखका दिन पश्चिमाञ्चल क्षेत्रको पोखरामा ८१ जनाको उपस्थितिमा एउटा भेला गरिएको थियो । सो भेलामा त्यस क्षेत्रका संविधानविद्, सभासद्, राजनैतिक पार्टीहरुका दलित भातृसंस्थाका प्रतिनिधिहरु र गैरसरकारी संस्थाका प्रतिनिधिहरुसमेत उपस्थित थिए । उनीहरु सवैले आगामी संविधानले दलितका सवै सवाललाई सम्वोधन गर्नु पर्ने कुरामा जोड दिएका थिए ।

### पूर्वाञ्चल भेला

२०६५/०१/३० गते (१२ मे २००८) का दिन पुर्वाञ्चलको विराटनगरमा दलित गैरसरकारी संस्था महासंघ पुर्वाञ्चल क्षेत्रीय समितिको आयोजनामा ८५ जना व्यक्तिहरुको उपस्थितिमा परामर्शीय गोष्ठीको अयोजना भएको थियो । सो गोष्ठीमा पुर्वाञ्चल क्षेत्रका दलित गैरसरकारी संस्था महासंघका सदस्यसंस्थाहरुका प्रतिनिधि, त्यस क्षेत्रका संविधानसभाका दलित सभासद्हरु, राजनैतिक पार्टिहरुका दलित भातृसंस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो । सो गोष्ठीले आगामी संविधानमा दलितका एजेण्डाहरुको वारेमा छलफल गर्नुका साथै त्यसलाई कसरी हासिल गर्ने भन्ने रणनीतिको वारेमा पनि सुझाव दिएको थियो ।

### केन्द्रीय भेला

देशका प्रमुख ४ विकास क्षेत्रमा सरदर ८० जना दलित तथा गैर दलित प्रतिनिधिहरुको रोहभरमा भएको परामर्श भेला पछि दलित गैरसरकारी संस्था महासंघले २०६५/०२/७ गते (२० मे २००८) को दिन ललितपुरको याक प्यालेस सभाहलमा आयोजना गरेको थियो । यस गोष्ठीमा दलितका विविध क्षेत्रका ७१ जनाको उपस्थिति रहेको थियो । उपस्थित हुनेहरुमा पेशाविज्ञ, कानून व्यवसायी, अधिकारकर्मीहरु तथा दलित गैरसरकारी क्षेत्रमा सकृयरुपमा कार्य गरिरहेकाहरुको उल्लेख्य भेला थियो । सो गोष्ठीमा यो दस्तावेज तयार गर्ने हिरा विश्वकर्मा र मीन विश्वकर्माले छुट्टा छुट्टै प्रस्तुती गरेका थिए । सो प्रस्तुतिको साथै सबैलाई एक/एक प्रति मस्यौदा दस्तावेज पनि उपलव्ध गराईएको थियो । प्रस्तुति पछि त्यसमा त्यहाँ उपस्थित सवैले आ-आफ्नो धारणा एवम् सुझाव व्यक्त गरेका थिए । त्यसमा खास गरी यो दस्तावेजले सवाल मात्र नउठाएर संविधानकै ढाँचामा यो दस्तावेज तयार भएका अझ उपयोगी हुने कुरा औंल्याएका थिए ।

### अन्तर्राष्ट्रिय संस्थाहरुसँग परामर्श

दलित गैरसरकारी संस्था महासंघले आगामी संविधानमा दलितका एजेण्डा सम्वन्धी परामर्शलाई केवल दलितको क्षेत्रमा मात्र सीमित राखेन, दलितको वारेमा सरोकार राख्ने तथा सघाउ पुऱ्याई रहेका अन्तर्राष्ट्रिय संघसंस्थाहरुका बिच २०६५/०२/२८ गते भेला १० जुन २००८ मा गरेको थियो । सो कार्यक्रममा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघका निकायहरु र द्वीपक्षीय निकायका २३ जना प्रतिनिधिहरुको उपस्थिति थियो । सो कार्यक्रममा दलितका एजेण्डाहरुको सार संक्षेप अंग्रेजीमा तयार गरी हिरा विश्वकर्माले प्रस्तुत गर्नु भएको थियो । यसमा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरुको सुझाव तथा ऐक्यवद्धता दलित सवालमा जाहेर गरेका थिए ।

# राजनीतिक समस्या, संवैधानिक र कानूनी व्यवस्था

## क. वि.सं. २००७ भन्दा अगाडिको अवस्था

नेपालमा वि.सं.१९१० मा जंगबहादुर राणाको पालामा पहिलो मुलुकी ऐन मार्फत् कानूनी शासन अंगीकार गरिएको भए तापनि त्यो एकतन्त्रीय क्रूर जहानिया शासनलाई धर्मको आडमा बचाउनका लागि बनाइएको थियो । जुन कानूनले एकै प्रकृतिका अपराध गर्नेहरुलाई पनि जातअनुसारको सजायको व्यवस्था गरेको हुनाले त्यसको अवशेष समाजमा अहिलेसम्म पनि कायमै छ । सन् १८५४ को मुलुकी ऐनले मजबुत अवस्थामा राखेको जाति र समुदाय अहिले पनि शासकको रुपमा स्थापित छन् भने मतवाली, अछूत तथा दासकोरुपमा परिभाषित गरिएका समुदायको अवस्था अत्यन्तै दयनीय छ । राणा शासक र उनीहरुका आसेपासेलाई उक्त ऐनले छुँदैनथ्यो । खासगरी राणा प्रधानमन्त्रीले बोलेका कुराहरु नै कानून बन्थे । वि.सं. १९९६ मा स्थापना भएको प्रजापरिषद् पार्टी र २००४ सालमा स्थापित नेपाली कांग्रेसले ल्याएको राजनैतिक चेतनाको कारण तत्कालीन राणा प्रधानमन्त्री पद्मशम्शेरले २००४ सालमा नेपालको वैधानिक कानून भनेर पहिलो संविधान ल्याएका थिए । जुन संविधान जनताले लेखेको नभई प्रधानमन्त्रीका भारदारहरुद्वारा राणा शासनलाई संविधानको आडमा टिकाउने उद्देश्यले ल्याइएको थियो । तत्कालीन अवस्थामा संविधान निर्माणका बावजुद २००७ सालको क्रान्तिलाई छेक्न सकेन । जसको परिणामस्वरुप राणा शासनको पूर्ण अन्त्य भई प्रजातन्त्रको सुरुवात भयो । २००७ सालको क्रान्तिपश्चात् अन्तरिम विधान २००८ ल्याएर प्रजातन्त्रको जग वसाल्ने कोशिस गरियो । २००७ सालको क्रान्तिमा नेपालका दलित समुदायले पनि प्रत्यक्ष तथा अप्रत्यक्ष भूमिका निभाएका थिए । नेपाली कांग्रेसमा सक्रिय देवव्रत परियार कांग्रेसका संस्थापक सदस्य नै थिए भने तनहू जिल्लाको बन्दिपुरमा भएको गोलीकाण्डमा ***चन्द्रबहादुर सार्की (चर्मकार)*** ले शाहदत प्राप्त गरेका थिए । २००७ सालमा दलित समुदायको प्रत्यक्ष योगदानमा राजनैतिक परिवर्तन भए पनि उनीहरुका लागि संविधानले समानता दिलाउन सकेन । राणाविरोधी क्रियाकलापमा परेकाहरु सवै जेलबाट छुटे । तर जातपातको कसुर गरेकाहरु जेलमै सडेर बस्नुपर्‍यो । १९१० को मुलुकी ऐन दलित समुदायका लागि मानवता विरोधी त थियो नै स्वयं कथित उपल्लो जातिहरुका लागि पनि कष्टकर थियो । त्यतिबेला कुनै कथित अछूत जातलाई छोइएको खण्डमा प्रायश्चित् स्वरुप अनेक धार्मिक तथा कानूनी प्रक्रिया पूरा गर्नुपर्थ्यो ।

## ख वि. सं. २००७ देखि २०४६ सम्मको अवस्था

देश प्रजातान्त्रिक युगमा प्रवेश गरिसक्दा पनि वि.सं. १९१० को मानवताविरोधी ऐनलाई खारेज गर्नु त कता हो कता २००९ सालमा एउटै खण्डमा भएको ठूलो ठेलीलाई पून:मुद्रण गरी ५ भाग बाहिर ल्याई त्यही ऐनअनुसार शासन यथावत् राखियो । नेपालको दलित आन्दोलनलाई सो अवधिमा हेर्दा दलित समुदायका अगुवा नेताहरु *सहर्षनाथ कपाली, मोहनलाल कपाली, जदुवीर रसाइली* आदिले सो ऐनलाई खारेज गर्नु पर्छ भन्ने अभियान चलाएको पाइन्छ । २००७ सालमा राणा शासनलाई फालेर प्रजातन्त्रको सुरुवात भए तापनि जनताले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्न पाएका





थिएनन् । देश २०१५ सालसम्म राजनैतिक खिचातानीमै गुज्रियो । नेपाली कांग्रेसले दुई तिहाई बहुमतसहितको एकमना सरकार बनाउने अवसर पायो । देशमा प्रथम निर्वाचित प्रधानमन्त्री वि.पि. कोइराला बने । तर पनि सन् १९१० को मुलुकी ऐनलाई खारेज गर्नेतर्फ उनको ध्यान जान सकेन । २०१५ सालमै नेपालको संविधान बन्यो जसले सबै नागरिकको बीचमा समानताको हकको प्रत्याभूत गरे तापनि जातीय असमानता हटाउनेतर्फ कुनै कदम चालेन ।

२०१७ सालमा वि.पि. कोइरालाको निर्वाचित सरकारलाई अपदस्त गरी राजा महेन्द्रले एकतन्त्रीय पञ्चायती शासन व्यवस्थाको सुरुवात गरे । त्यसको २ वर्षपछि नेपालमा पञ्चायती संविधान जारी भयो । जतिबेला अमेरिकामा मार्टिन लुथर किंगको नेतृत्वमा नागरिक अधिकार आन्दोलन (Civil Rights Movement) र दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाको नेतृत्वमा रङ्गभेदविरोधी आन्दोलन चरमोत्कर्षमा पुगिरहेको थियो । नेपालमा पनि राजनीतिक आन्दोलन सँगसँगै स्वर्गीय *सहर्षनाथ कपाली, मोहनलाल कपाली, हीरालाल विश्वकर्मा तथा टीआर विश्वकर्मा*को नेतृत्वमा जातीय समानता तथा पूर्ण प्रजातन्त्रको माग गरिरहेकै बेला २०२० साल भाद्र १ मा राजा महेन्द्रले १९१० को मानवताविरोधी मुलुकी ऐनलाई खारेज गरी नयाँ मुलुकी ऐन लागू गरे । यो मुलुकी ऐनको विशेषता भनेको देशका सबै नागरिकलाई कानूनको नजरमा समान बनाउनुका साथै छुवाछूतको व्यवहारलाई कानूनबाट हटाउनु थियो । २०२० सालको नयाँ मुलुकी ऐनले १९१० को पुरानो मुलुकी ऐनलाई खारेज गर्ने व्यवस्था गर्‍यो । ऐनले छुवाछुतको व्यवहारलाई कानूनी रुपमा दण्डनीय नगरेको हुनाले कार्यान्वयन पक्ष अत्यन्तै कमजोर रह्यो । २०२९ सालको दलित जन विकास परिषद्को ऐतिहासिक सम्मेलनले दलितको अधिकारका लागि आरक्षणको मुद्दालाई औपचारिक रुपमा अघि सारेको देखिन्छ ।

२०३६ सालमा पञ्चायत विरोधी सशक्त विद्यार्थी आन्दोलन भयो । त्यसपछि राजा वीरेन्द्रले बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्था भन्ने विकल्पसहितको जनमत संग्रह गराए । जसमा पञ्चायत पक्षले २४ लाख मत ल्याएपछि सुधारिएको पञ्चायती व्यवस्थालाई जनताबाट अनुमोदन गराइयो । राजाले बाचा गरेअनुसार पञ्चायतलाई समयानुकुल सुधार गर्नका लागि संविधान सुधार सुझाव आयोग गठन गरे । उक्त संविधान सुधमर अयोगमा एक जना दलित स्वर्गीय *हीरालाल विश्वकर्मा*लाई सदस्य बनाइयो । यसबाहेक विभिन्नपटक मन्त्रीसमेत बनेका हीरालाल विश्वकर्माबाट दलित समुदायको मुक्तिको लागि कुनै नीति बन्न सकेन, न त कार्यक्रमहरु नै सञ्चालन भए । पञ्चायती व्यबस्थामा दलित समुदायको हकहित संरक्षण हुन नसकेपछि दलित समुदायको ठूलो संख्या पञ्चायती व्यबस्थाको विरुद्धमा उत्रियो । जनताले जन आन्दोलनमार्फत् पञ्चायती व्यवस्थाको अन्त्य गरे ।

## ग. वि.सं. २०४७ सालको संविधान र दलित

खास गरी २०४५ सालमा स्थापित उत्पीडित जातीय उत्थान मञ्च नामक संगठनले पञ्चायती व्यवस्थाको अन्त्यका लागि महत्वपूर्ण भूमिका खेलेको थियो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि बहुदलीय व्यवस्थाको पुन:र्स्थापना भयो । त्यसपछि संविधान मस्यौदा समितिमा दलितहरुकोतर्फबाट संविधान लेखनका सन्दर्भमा सुझावहरु पठाईयो । नेपाली

कांग्रेस तथा वाममोर्चाको संयुक्त अन्तरिम सरकार बन्यो । सरकारले तत्कालीन सर्वोच्च अदालतका प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा संविधान मस्यौदा समिति बन्यो । त्यति बेला पनि मुख्य सवाल आरक्षण र छुवाछूतको व्यवहारलाई दण्डनीय बनाउनुपर्छ भन्ने नै थिए । दलित समुदायका लागि कार्यरत विभिन्न संगठनहरु उत्पीडित जातीय उत्थान मञ्च, राष्ट्रिय दलित जन विकास परिषद्, जातीय विभेद उन्मूलन मञ्चलगायत अन्य केही प्रजातान्त्रिक दलित नेताहरुको प्रयासपछि २०४७ को संविधानमा कसैले पनि सार्वजनिक स्थलहरुमा छुवाछूतको व्यवहार गर्न नपाइने र गरेमा दण्डनीय हुने प्रावधान राखियो । संविधानको धारा ११(४) मा कानूनले कसैलाई पनि विभेद गर्ने छैन तर सामाजिक आर्थिक र शैक्षिक रुपले पछाडि परेका समूहको उन्नतिको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने छ भन्ने प्रावधान मात्र रहेको पाइन्छ । तर आरक्षणको मुद्दा तथा जातीय विभेदबाट आर्थिक, सामाजिक, राजनीतिक आदि क्षेत्रमा पछाडि पारिएको समुदायको लागि राज्यको दायित्व के हुने भन्ने सन्दर्भमा संविधान मौन रह्यो ।

यही संविधानको आधारमा २०४९ सालमा मुलुकी ऐन २०२० को अदलको १०(क) संशोधन गरियो । "कसैले कसैलाई जातीय भेदभाव र छुवाछूतको व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुनबाट वञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रुपैयाासम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था गरियो । २०६० साल श्रावण १२ गते छुवाछूतको मुद्दालाई सरकारवादी वनाइएको छ । छुवाछूतबाट पिडित दलित आफैले मुद्दा लड्नु नपर्ने र सरकार आफै लडिदिने व्यवस्था सो निर्णयको हो । तर यो व्यवस्था प्रभावकारीरुपमा लागू हुन सकेन । जातीय भेदभाव र छुवाछूतका घटनाहरु देशभर भइरहे । अभियुक्तलाई कार्वाही गर्ने र पीडितलाई न्याय दिने सवालमा यो महल प्रभावकारी हुन सकेन । यही संवैधानिक हकलाई प्रयोग गर्दै दलित गैरसरकारी संस्था महासंघले सर्वोच्च अदालतमा १७ वटा सार्वजनिक सरोकारका मुद्दाहरु र करिब ५ सयभन्दा बढी दलित समुदायलाई गरेको भेदभावसम्बन्धी मुद्दा विभिन्न जिल्ला अदालत, प्रहरी, प्रशासन एवम् स्थानीय निकायहरुमा दर्ता गराई बहस पैरवीसमेत गरेको थियो । दलित गैरसरकारी संस्था महासंघले दायर गरेका १७ वटा रिट निवेदनमध्ये १२ वटामा सकारात्मक निर्णय भएको छ ।

## घ. जनआन्दोलन २०६२/६३ पछिको अवस्था

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनमा *चन्द्रबहादुर वयलकोटी, सेतु वि.क., दीपक विश्वकर्मा*ले परिवर्तनका लागि ज्यानको आहुती दिई इतिहासमा संधै स्वर्णिम अक्षरले लेखिएका छन् । १२ बर्षे जनयुद्धको समयमासमेत निक्कै ठूलो संख्यामा दलित समुदायकातर्फबाट शहिद भएका छन् । राष्ट्रिय राजनीतिका संघर्षहरुमा जति यो समुदायको उत्साहजनक सहभागिता पाईन्छ त्यस पछाडिको अवसर र सहभागितामा त्यति नै निराशाजनक स्थिति रहने गरेको छ ।

२०६३ साल जेष्ठ २१ गते पुन:र्स्थापित प्रतिनिधिसभाले नेपाललाई छुवाछूत मुक्त राष्ट्र पनि घोषणा गरी सकेको छ । जनआन्दोलन २०६२/६३ को उपलव्धिको रुपमा आएको नेपालको अन्तरिम संविधान २०६३ मा जातीय भेदभाव तथा छुवाछूतलाई निषेधित, दण्डनीय र पीडितलाई क्षतिपूर्तिसमेत उपलव्ध गराउने व्यवस्थासहित धारा १४ मा "जातीय भेदभाव तथा छुवाछूतविरुद्धको





हक" कायम गरिएको छ । करिव १५ वर्षपछि २०६३ साल असोज २८गते मुलुकी ऐन अदलको १०(क) को विद्यमान प्रावधान संशोधन गरी तीन महिनादेखि तीन बर्षसम्म कैद वा एक हजारदेखि पच्चीस हजारसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था गरियो । अन्तरिम संविधानको धारा २१ मा उल्लेखित समानुपातिक समावेशी सिद्धान्त दलित समुदायको हकमा कार्यान्वयन भएन । अन्तरिम संविधानको तेस्रो संशोधन गर्दा थप गरी कायम गरिएको ६०१ संविधानसभा सदस्य संख्यामा २६ जना सदस्य मन्त्रीपरिषद्को निर्णयबाट मनोनयन गरिने प्रावधान राखिएको छ । त्यसमा केवल जनजातिबाट मनोनयन गर्ने भनी उल्लेख गरिएको छ तर सदियौंदेखिको उत्पीडनमा परी राज्यको मूलप्रवाहबाट सिमान्तकृत भई प्रतिस्पर्धामा आउन नसककेको दलित समुदायको प्रतिनिधित्वको बारेमा उक्त संशोधन मौन रहेको छ । साथै संविधानसभाको निर्वाचनमा पहिलो हुने निर्वाचन प्रणालीमार्फत् दलित समुदायको प्रतिनिधित्व पनि सुनिश्चित गरिएन ।

## ङ. राजनीतिमा दलितको सहभागिता

नेपाली राजनीतिक इतिहासका हरेक संघर्ष, क्रान्ति र जनआन्दोलनहरुमा दलित समुदायले उल्लेख्य भूमिका खेलेको छ । यो समुदाय सदैव राष्ट्र, राष्ट्रियता र लोकतन्त्रका पक्षमा सामुदायिकरुपमै अटल रहेको देखिन्छ । चाहे नेपाल एकीकरणको अभियानमा *विषे नगर्ची*ले पृथ्वीनारायण शाहलाई उचित परामर्श दिएको होस् वा वि.स. १८७२ को अंग्रेजसँगको युद्धमा नेपाल पस्ने बाटो देखाउन नमानेबापत मृत्यु स्वीकार गर्ने *बाङ्गे सार्की* । २००७ सालको क्रान्तिमा अविस्मरणीय भूमिका खेल्ने *राममाया पोडेनी,* २०४६ को जनआन्दोलनमा सहिद भएका *पम्फा शाही (खड्गी), ज्ञानवहादुर शाही (खड्गी)* लगायतले शहादत प्राप्त गरे । राजनीतिक प्रतिनिधित्वको कुरा गर्दा राष्ट्रियसभामा २०५६ सालसम्म सबैभन्दा बढी ४ जनाले प्रतिनिधित्व गरेका थिए । २०४८ सालको चुनावमा दलित समुदायकबाट *कृष्णसिंह परियार*ले प्रतिनिधिसभामा चुनिएर सांसद हुने पहिलो अवसर पाएका थिए । २०६२-६३ को ऐतिहासिक जनआन्दोलनमा पनि *चन्द्रबहादुर बयलकोटी, सेतु वि.क., दीपक विश्वकर्मा*ले ज्यानको आहुती दिएका छन् । पुन:स्थापित प्रतिनिधिसभाको परिमार्जित रुपमा रहेको व्यवस्थापिका संसद्मा इतिहासमा पहिलो पटक ५.७७ प्रतिशत (१९ जना) को प्रतिनिधित्व भएको थियो । त्यसैगरी १२ बर्षे जनयुद्धको समयमा पनि ठूलो संख्यामा दलित समुदायका योद्धाहरु सहिद भएका छन् । राष्ट्रिय राजनीतिका संघर्षहरुमा यो समुदायको उत्साहजनक सहभागिता पाइन्छ तर अवसर र सहभागितामा भने निराशाजनक स्थिति रहेको छ ।

जनआन्दोलनबाट प्राप्त नेपालको अन्तरिम संविधानले सुनिश्चित गरेका समन्यायिक प्रावधानहरुसमेत पालना गर्ने क्रममा राजनीतिक दल र दलित समुदायको बीचमा व्यापक अविश्वास सृजना भएको छ । अन्तरिम संविधानभित्रै भएका प्रावधानहरुलाई कार्यान्वयन गर्न राज्य तथा राजनीतिक पार्टीहरु गम्भीर भएका छैनन् । त्यसैकारण दलित समुदाय संविधानसभामार्फत् अब बन्ने राज्यको पुन:संरचनामा आफ्नो अधिकार स्थापित हुने कुरामा विश्वस्त छैनन् । यस स्थितिमा संविधानसभामार्फत् बन्ने राज्य प्रणाली पनि समावेशी हुने कुरामा शंका उत्पन्न भएकै कारण सम्पूर्ण उत्पीडित जाति, वर्ग, क्षेत्र र समुदायका नागरिकहरु आ-आफ्नो हित रक्षाका लागि निरन्तर संघर्षमा उत्रिरहेका छन् ।

# आर्थिक समस्या ,संवैधानिक तथा कानुनी व्यवस्था

आर्थिक विकासको सूचकांकलाई हेर्दा सरदर गरिबी ३१ प्रतिशत छ भने दलितको गरिबी ४७ प्रतिशत रहेको छ । बाहुन क्षेत्रीको गरिबी १९ र नेवारको गरिबी १४ प्रतिशत मात्र छ । यी सबै आर्थिक, सामाजिक सूचकले दलितहरु सबैभन्दा तल रहेको स्पष्ट देखाएको छ ।

## क. रोजगार

जातीय छुवाछूत भेदभावका कारण दलित समुदायको रोजगारमा पहुँच हालसम्म पुग्न सकेको छैन । निजामती सेवा, शिक्षक सेवा, विश्वविद्यालय शिक्षक सेवा, प्रहरी, सेना, तथा सरकारी क्षेत्रमा दलित समुदायको अत्यन्तै न्यून उपस्थिति रहेको अवस्था छ । जातकै कारणबाट कतिपय क्षेत्रमा दलित समुदायलाई रोजगारीबाट वञ्चित गरिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का अनुसार पनि दलित समुदायले दबावपूर्ण रोजगार गरेर बस्न बाध्य छन् । उनीहरुले चाहेर पनि इच्छाएको रोजगार पाउन सकिरहेका छैनन् । परिणामतः चिकित्सा, इञ्जिनियरिङ र प्राविधिकलगायतका क्षेत्रमा दलित समुदायको प्रतिनिधित्व अत्यन्त न्यून छ । वर्षौ वर्षदेखि उत्पीडनमा पारिएको यो समुदायलाई राज्यले विशेष नीति बनाएर आर्थिक विकास गराउनु पर्नेमा अहिलेसम्म त्यसो गरिएन । त्यस कारण अब बन्ने नयाँ संविधानमा रोजगारका सबै क्षेत्र (सरकारी तथा निजी) मा २० प्रतिशत संवैधानिक आरक्षणको व्यवस्था गर्नु पर्दछ ।

## ख. भूमिसुधार र दलित

नेपाल कृषि प्रधान मुलुक हो तर दलितहरुमध्ये कोही पनि ठूला कृषक छैनन् । दलित समुदायको भूमिमा अत्यन्तै कम पहुँच भएको तथ्य पहाडमा १५ र तराईमा ४४ प्रतिशत दलितहरु भूमिहीन हुनुबाट प्रष्ट हुन्छ । सरकारले २०२१ सालदेखि भूमिसुधारको कार्यक्रम लागू गर्दै आएको छ । भूमिसुधारको नीतिअन्तर्गत भूमिमा हदबन्दी कायम छ र हदबन्दीभन्दा बढी भएको जग्गा सरकारले राष्ट्रियकरण गरी भूमिहीनहरुलाई वितरण गर्न सकिने व्यवस्था पहिलेदेखि नै थियो । शेरबहादुर देउवाको प्रधानमन्त्री कालमा २०५८ श्रावण ३२ गते गरिएको ८ बुँदे घोषणामा जमिनको हदबन्दी कायम गरी न्यायोचित वितरण गरिने भनिएको थियो । आज पनि हलियाहरु पहिले लिएको थोरै ऋणको बदलामा त्यसको व्याज र स्याजका लागि काम गर्नु पर्ने दासत्वमा छँदैछन् भने अर्कोतर्फ उनीहरुले जोतेको जमिनमा भूमिसुधार ऐन अनुसार मोहियानी हक लिन सक्ने अवस्था देखिएको छैन । त्यस्तै कर्णाली अञ्चलका दलितहरु लगी प्रथाबाट पीडित छन् । लगी प्रथाअनुसार जमिनदारको धेरै जमिन जोतेबापत उसलाई गरिखानका लागि केही जमिन दिइने गरिन्छ । तर त्यो जमिनमा सधैं जमिनदारकै स्वामित्व कायम हुने व्यवस्था छ । यस्तो व्यवस्थाबाट पुस्तौंदेखि जोते पनि उनीहरु सधै भूमिहीन नै रहनुपर्ने अवस्था छ । २०५४ सालदेखि द्वैध स्वामित्वको अन्त्य हुने व्यवस्था गरिसकेपछि पनि जमिनदार र केही ऐलानी जग्गामा छाप्रो बनाएर बसेका तथा कार्णालीका थोरै जमिन आफ्ना लागि जोतेका दलितहरु धेरै पीडित भएको देखिएको छ । मधेसका



नयाँ संविधानका लागि दलित एजेण्डाहरु

भूमिहीन दलितको समस्या ज्यादै विकराल, डरलाग्दो रहेको छ । उनीहरु पुस्तौंपुस्तादेखि अर्कैको जमिनमा बसोबास गर्दै आइरहेका छन् । उनीहरुको भूमिमाथिको स्वामित्व नहुँदा जुनसुकै बेला पनि भूमिपतिहरुले हटाइदिन सक्ने अवस्था छ । अब बन्ने नयाँ संविधानले सामाजिक न्यायको सिद्धान्तलाई अंगीकार गर्दै पुस्तौंपुस्तादेखि कुनै तरिकाले भोग चलन गर्दै आएको जग्गाको स्वामित्व उनीहरुमा हस्तान्तरण गर्नको लागि संवैधानिक तथा कानूनी व्यवस्था गर्नु पर्ने आवश्यकता छ । त्यस्तै क्रान्तिकारी भूमिसुधार लागू गरेर हदबन्दीभन्दा माथि रहेका जग्गालाई राष्ट्रियकरण गरी भूमीहीन त्यसमा पनि तराईमा बस्ने मधेशी दलितहरुलाई वितरण गर्नु जरुरी छ ।

## ग. खलो, बालिघरे तथा हलिया प्रथा

नेपालका थारु समुदायमा व्याप्त कमैया प्रथाबाट उनीहरु मुक्त भएर स्वतन्त्र नागरिक भएर बाँच्ने अवसर पाइरहेका छन् । तर त्यस्तै प्रकारको अर्धदास प्रथाकोरुपमा रहेको हलिया प्रथा अहिलेसम्म कायम रहनु कुनै पनि सभ्य तथा लोकतान्त्रिक देश र समाजका लागि शोभनीय कुरा हुनै सक्दैन । यो प्रथाबाट खास गरी मध्य र सुदूरपश्चिमका करिव सवालाख दलितहरु पीडित छन् । यस्तो प्रकारको अर्धदास प्रथाको अन्त्यको लागी नेपाल राष्ट्रिय दलित समाजकल्याण संघ र नेपाल राष्ट्रिय दलित नेटवर्कको पहलमा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो । सो रिट निवेदनउपर यो प्रथालाई उन्मूलन गर्नुका साथै पूर्व कमैयाहरुको पुनःस्थापना गर्न बनेका समितिहरु भएको जिल्लामा सोही समितिहरुमार्फत् र नभएका पहाडी जिल्लाहरुमा समिति गठन गरेर आवश्यक कार्वाही अगाडि बढाई कमैयासरह पुनस्थापित गराउने भन्ने फैसला २०६४ बैशाख ३ गते भएको थियो ।

अन्तरिम संविधान २०६३ को मौलिक हक अन्तर्गतको शोषणविरुद्धको हकको धारा २९ मा प्रत्येक नागरिकलाई शोषणविरुद्धको हक हुनेछ भन्नुका साथै उपधारा २ मा प्रथा, परम्परा र प्रचलनको नाममा कुनै किसिमले कसैलाई शोषण गर्न पाइने छैन भनी उल्लेख गरिएको छ । त्यस्तै उपधारा ४ मा कसैलाई निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन भनी उल्लेख छ । सर्वोच्च अदालतलाई संविधानको व्याख्या गर्ने अधिकार पनि भएको हुँदा त्यसले विद्यमान संविधानका प्रावधानमा सोही प्रकृतिका अन्य सवाललाई पनि जोड्न सक्ने अधिकार रहेको हुन्छ । तसर्थ सुदूर र मध्यपश्चिममा रहेका हलियाहरुको पक्षमा गरिएको फैसलालाई कार्यान्वयन गर्न विशेष कार्यक्रमहरु संचालनन गर्नु जरुरी छ । अन्तरिम संविधानको राज्यको नीति अन्तर्गत धारा १५ मा मुक्त कमैयाको यकिन गरी उनीहरुको बसोबासका लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्वन गर्नेछ भनी सर्वोच्च अदालतद्वारा हलियाको पक्षमा फैसला भएको थियो ।

अन्तरिम संविधानले बालिघरे प्रथा, हलिया प्रथा वा तराईका चमारहरुले सिनो फाल्नु पर्ने परम्परा र अत्यन्तै न्यून ज्यालामा काम गर्नुपर्ने बाध्यताविरुद्ध पीडितहरुलाई शोषणविरुद्धको हक प्रदान गरेको छ । तर पीडकलाई के गर्ने भन्ने कानूनी उपचारको व्यवस्था गरिएको छैन भने पीडितलाई क्षतिपूर्तिको व्यवस्था पनि गरिएको छैन ।

## घ. दलितका परम्परागत पेशा

दलित समुदायले गर्ने परम्परागत पेशाले उनीहरुलाई रोजगारी दिलाएको हुन्छ । यससाग सम्बन्धित कुसंस्कार र कुप्रथालाई हटाएर सम्मानित बनाउने र यसलाई आधुनिकीकरण गर्दै उद्यमको रुपमा विकास गर्ने हो भने उनीहरुको आर्थिक विकास द्रुत गतिमा हुन सक्छ । अन्तरिम संविधानको धारा ३५ को राज्यका नीतिहरु अन्तर्गत उपधारा १८ मा मुलुकमा विद्यमान परम्परागत ज्ञान, सीप र अभ्यासको पहिचान र संरक्षण गर्दै त्यसलाई आधुनिकीकरण गर्ने नीति राज्यले अवलम्वन गर्ने छ भन्ने उल्लेख छ । राज्यले नीति तथा कार्यक्रम मार्फत् दलितहरुका परम्परागत सीप ज्ञानलाई सम्बर्धन, प्रबर्द्धन र विकास गर्नुपर्ने देखिन्छ । यी सबै कुराहरुको कार्यान्वयन पक्ष अत्यन्तै फितलो भएको हुँदा अब बन्ने संविधानले प्रथा र प्रचलनको आधारमा रहेका सबै प्रकारका शोषण तथा विभेदहरुलाई निर्मूल पार्नु आवश्यक छ । आर्थिक विकासको सूचकांकमा पछि परेका जाति/समुदायलाई अन्य सरह ल्याउनका लागि आवश्यक नीति तथा कार्यक्रमहरुको बाध्यात्मक व्यवस्था गर्नु पर्ने देखिन्छ ।

## ङ. उद्योग व्यवसायमा दलित समुदायको पहुँच

हालसम्म देशमा स्थापित कुनै पनि उद्योगमा दलित समुदायको पहुँच पुग्न सकेको छैन । परम्परागत पेशालाई नै दलित समुदायले मुख्य आर्थिक स्रोतको रुपमा मान्दै आएका छन् । उद्योग व्यवसायमा प्रवेश गर्न आर्थिक तथा प्राविधिक रुपमा राज्यले कुनै प्रावधान बनाउन सकेको छैन । दलित समुदायका पुराना पेशाहरु पनि विश्व बजारीकरणका कारण लोप हुँदै गएका छन् । राष्ट्रिय उद्योग, व्यवसाय, बैंकहरु, कम्पनीहरु आदिमा दलितको सहभागिता अहिलेसम्म पनि देखिंदैन । अब बन्ने नयाँ संविधानमा वा राज्यको पुन:संरचना हुँदा दलित समुदायको उद्योग व्यवसायमा, परियोजनाहरुमा पहुँच पुग्न सक्ने खालको व्यवस्था हुनुपर्दछ । यसका लागि राज्यले दलित समुदायलाई बिनाधितो ऋणको व्यवस्था, विभिन्न संस्थान कम्पनीहरुमा शेयर खरिदको व्यवस्था, बैंकमा ऋण लिदा ग्यारेण्टी बसिदिने व्यवस्था आदि गरिदिनुपर्छ ।

## च. विकास पूर्वाधारमा दलित समुदाय

विकासका पूर्वाधारहरु बाटो, विद्युत, सञ्चार, विद्यालय, स्वास्थ्य सेवा आदिले आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दछन् । तर जहाँजहाँ दलित समुदायका बस्तीहरु छन्, त्यहाँ विकासका पूर्वाधारहरु पुगेका छैनन् । बाटो, बिजुली, खानेपानी आदि सेवाहरु दलित बस्तीमा वितरण नगरी दलित बस्तीलाई वञ्चितीकरण गरिएको हुनाले अबको पूर्वाधारण निर्माणमा दलित समुदायका बस्तीलाई प्राथमिकता दिंदै उनीहरुको पहुँच सुनिश्चित गर्नुपर्दछ ।

## छ. वैदेशिक रोजगार र दलित समुदाय

नेपालको ठूलो युवाशक्ति खाडी तथा अन्य मुलुकहरुमा रोजागारको लागि गइरहेको छ । सरकारले नवौं पञ्चवर्षीय योजनामा दलित समुदायलाई वैदेशिक रोजगारमा जानको लागि ऋण सहयोगको कार्यक्रम अगाडि सारेको थियो । तर कार्यान्वयन तह फितलो, राजनीतिक अस्थिरता, मूल्याङ्कन/अनुगमनको अभाव आदि कारणले गर्दा उक्त कार्यक्रमले सफलता हासिल गर्न सकेन । अब राज्यले यो समुदायलाई दक्षता अभिवृद्धिको कार्यक्रम सञ्चालन गरी वैदेशिक





रोजगारमा पठाउने व्यवस्था गर्नुपर्दछ । वैदेशिक राजगारमा पठाउँदा सरकारले बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।

## ज. दलित महिला

नेपालका दलित महिलाहरुको दलित पुरुषहरुको भन्दा छुट्टै आर्थिक सवाल छैन, तर पनि समग्र महिलामाथि हुने आर्थिक विभेदअन्तर्गत असमान ज्यालाबाट पीडित छन् । कृषि मजदुरमा चाहे त्यो पहाड होस् वा मधेश धेरैजसो दलित महिलाहरु नै हुने गर्दछन् । महिलाहरुले दिनभरी काम गर्दा ४०-५० रुपैयाँ पाउँछन् भने पुरुषहरुले ६० देखि १०० रुपैयाँ ज्याला पाउँछन्। अन्तरिम संविधानको मौलिक हकअन्तर्गतको धारा २० को उपधारा १ मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन भन्ने उल्लेख छ । यसको कार्यान्वयन प्रभावकारी नभएकाले आगामी संविधानमा महिला भएकै आधारमा असमान ज्याला कुनै पनि तह तथा क्षेत्रमा दिन नपाइने व्यवस्थाका साथै कार्यान्वयनको अनुगमन गर्ने प्रावधानको व्यवस्था गर्नु जरुरी छ । दलित महिलाहरु महिला भएकै कारण व्यापार व्यवसाय गर्नबाट वञ्चित छन् । वर्षौंवर्षदेखि पछाडि पारिएको यो समुदायलाई दलित समुदायभित्रै र समग्र महिलाभित्र कहाँ समेट्ने हो, त्यसका निम्ति ठोस नीति बन्न सकेको छैन ।

राज्यबाट दलितको आर्थिक उन्नति हुने कुनै पनि नीति तथा कार्यक्रम बनाउँदा दलित महिलालाई विशेष प्राथमिकतासहितको व्यवस्था गर्नुपर्छ । राज्यले दलितलाई जमिन उपलव्ध गराउँदा दलित महिला र पुरुषको संयुक्त स्वामित्वमा रहने व्यवस्था गर्नुपर्दछ ।

पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ भन्ने व्यवस्थाले दलित महिला पनि आफ्नो बाबुआमाको सम्पत्तिको समान हकदार हुन्छन् भन्ने देखिन्छ । यो प्रावधानले आगामी कन्ने संविधानमा पनि निरन्तरता पाउनुपर्दछ ।

## झ. मधेशी दलित

दलितभित्रको कुरा गर्दा त्यसभित्र पनि सबैभन्दा विपन्न को छ भनेर हेर्नुपर्दछ । पहाडका दलितको तुलनामा मधेशका दलितहरु विपन्न भएको कुरा पहाडका दलितहरु १५ प्रतिशत र तराईका दलितहरु ४४ प्रतिशत भूमिहीन हुनुले देखाउँछ । तर रोजगारीको अवसर पहाडमा भन्दा तराईमा बढी हुने भएकोले पहाडको दलितको भन्दा तराईका दलितहरुको गरिबी २ प्रतिशतले कम भएको अध्ययनले देखाएको छ । अहिले पनि चरम गरिबीको मार मधेशका दलितले बढी भोग्नुपरेको छ । मधेशमा पनि जातिगत तहमा गएर हेर्दा मुसहर जाति सबैभन्दा तल परेको देखिन्छ । अत: आगामी बन्ने संविधानले सबैभन्दा तल रहेकालाई सम्बोधन गर्नुपर्छ । भूमि वितरण गर्दा पहाडमा भन्दा मधेशमा समस्या विकराल रहेकोले त्यहीबाट सुरु गर्ने प्रावधान राखिनु पर्दछ ।

तराईमा चमार समुदायले सिनो फाल्नुपर्ने बाध्यात्मक पेशा, छालाको जुत्ता सिलाउने र शुभ कार्यमा व्याण्ड बाजा बजाउनेबाहेक अन्य जातिहरुको परम्परागत पेशाले निरन्तरता पाउन सकेको छैन । तत्मा जातिको लुगा बुन्ने परम्परागत पेशा भए तापनि अहिले त्यो पेशा गर्ने कोही पनि छैनन् भन्दा हुन्छ । मधेशका दलितहरु अधिकांश ज्याला मजदुरीबाट गुजारा चलाउनुपर्ने स्थितिमा छन् । राज्यले गैर कृषितर्फ रोजगारी सृजना गर्दा उनीहरुलाई प्राथमिकता दिनुपर्ने प्रावधान राखिनु पर्दछ ।

# सामाजिक समस्या ,संवैधानिक तथा कानुनी व्यवस्था

## क. छुवाछूत भेदभाव

अन्तरिम संविधान २०६३ को मौलिक हकअन्तर्गत धारा १४ मा छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हकको उपधारा १ मा कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाको आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन, यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भएबमोजिमको क्षतिपूर्ति पाउनेछ भनी उल्लेख गरिएको छ । तर यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न कुनै ऐन बनाइएको छैन । अहिले २०४९ सालको मुलुकी ऐन संसोधनमा उल्लेख गरिएको ३ हजार रुपैयाा जरिवाना र एक वर्षसम्म कैदको प्रावधानलाई बढाएर २५ हजार रुपैयाँसम्म जरिवाना तथा ३ वर्षसम्म कैद भन्ने व्यवस्था छ । कानून कार्यान्वयन गर्ने निकायको संवेदनशीलताको कमीले गर्दा सरकारवादी मुद्दा भइसकेपछि जम्मा ३ वटा मुद्दा मात्रै अदालतमा पुगेका छन् । अन्तरिम संविधानले कानूनद्वारा तोकेबमोजिमको क्षतिपूर्तिसमेत दिइने भनिए तापनि त्यसको लागि आवश्यक कानून बन्नु सकेको छैन । नयाँ बन्ने संविधानले पीडितले क्षतिपूर्ति पाउने प्रावधानलाई कायम राखी कानून कार्यान्वयन नगर्नेलाई सजायको भागिदार बनाउने व्यवस्था हुनु पर्दछ ।

## ख. धर्म निरपेक्षता

नेपाल अहिले धर्मनिरपेक्ष राष्ट्र घोषणा भए तापनि हिन्दू धर्म मान्नेहरुको बाहुल्यता छ । हिन्दू धर्मको मूल आधार भनेको वर्णाश्रम व्यवस्था हो । यसमा जातअनुसारको संघ-संगठन खोल्न सकिन्छ तर अहिलेको संवैधानिक व्यवस्थाले कुनै पनि जातिलाई हेप्ने, अपहेलना गर्ने वा जातीय विद्वेश फैलाउने कार्यलाई रोक लगाएको छ । यस्तो प्रावधानले आगामी संविधानमा पनि निरन्तरता पाउनुपर्दछ र राज्यले अवलम्बन गरेको धर्मनिरपेक्षताको नीतिलाई व्यावहारिक कार्यान्वयनतर्फ ठोस कदम चालिनुपर्दछ ।

## ग. सार्वजनिक स्थलको प्रयोग

अन्तरिम संविधान २०६३ को मौलिक हकअन्तर्गत धारा १४ को उपधारा २ ले कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन भन्ने उल्लेख छ । अहिले नेपालमा सबै क्षेत्रमा आएको राजनीतिक चेतनाका कारणले सार्वजनिक क्षेत्रमा गरिने भेदभाव उल्लेखनीय रुपमा घटेको छ । तर छुवाछूत जस्तो कलंक के सार्वजनिक सरोकारको विषय मात्र हो ? यो कुनै व्यक्तिलाई पनि उत्तिकै लागू हुन सक्दैन ? तराईका तीन जिल्ला कपिलवस्तु, रुपन्देही र नवलपरासीमा गरिएको अध्ययनले ८५ प्रतिशत दलितले छुवाछूतको व्यवहार अहिले पनि भोगेको कुरा गरेका छन् । अधिकांशले गैरदलितहरुले उनीहरुको घरमा गरेको छुवाछूतको व्यवहारलाई भनेका छन् ।





## घ. सेवा तथा वस्तु उपभोगमा भेदभाव

अन्तरिम संविधान २०६३ को मौलिक हकअन्तर्गत धारा १४ को उपधारा ३ मा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गरिने छैन भन्ने उल्लेख छ ।

यो उपधाराले कुनै वस्तु वा सेवा कुनै जातजातिलाई मात्र वितरण गर्न नपाइने, प्राप्त गर्नबाट रोक लगाउन नपाइने भन्नुको अर्थ दलित समुदायलाई कुनै पनि किसिमको सेवा वा वस्तु विनाकुनै रोकतोक प्राप्त गर्न सक्ने अधिकार छ र त्यस्तो भेदभाव गर्नेलाई सजायको भागिदार बनाउन सकिन्छ भन्ने हो । यद्यपि पूर्वी तराईका सप्तरी र सिराहालगायतका जिल्लामा चमार जातिले सिनो नफालेबापत बेलाबेलामा कथित उपल्लो जातिहरुबाट नाकाबन्दीको मार खेप्नु परेको छ ।

## ङ. घरभाडा र डेराको समस्या

सहरी क्षेत्र त्यो पनि काठमाडौं उपत्यकामासमेत दलितहरुले आफ्नो जात बताएर डेरा पाउने स्थिति कम छ र धेरैजसोले जात ढाँटेर बस्ने गरेका छन् । यदि जात थाहा पाएमा अपमानित भई रातारात डेरा छोडेर हिड्नुपर्ने अवस्था धेरै आएको देखिन्छ । डेरा खोज्न जाँदा पहिले डेरा दिने सहमति भए पनि पछि जात थाहा पाएपछि यो कोठा म आफैलाई चाहिने भयो, मेरो आफन्तहरु आउँदै छन् जस्ता बाहना गरेर पन्छाइन्छ । त्यस्तै छिमेकमा कुनै दलित बस्न आयो भने पनि उसँग हतपत्ति सामाजिक व्यवहार गरिदैन । घर भाडामा लगाउने पनि वस्तु वा सेवा बिक्री वितरणअन्तर्गत राख्दा यो संवैधानिक व्यवस्था लागू हुन्छ । तर व्यवहारमा कही कतै लागू भएको देखिदैन । कुनै घरवालाले घर भाडामा लगाउने वा नलगाउने यो उस्को व्यक्तिगत कुरा हुन सक्छ, तर उसले भाडामा लगाउने हो भने कसलाई दिने वा कसलाई नदिने भन्ने कुरा जातको आधारमा गर्न पाउँदैन । अत: आगामी बन्ने संविधानमा घर भाडामा लगाउने कार्य वस्तु वा सेवा बिक्री वितरणको क्षेत्रभित्र समेटिनु पर्दछ ।

## च. दण्डनीय कानून

धारा १४ को उपधारा ५ मा (२), (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ भनेर उल्लेख गरिएको भए तापनि अहिलेसम्म ती उपधाराहरुलाई कार्यान्वयन गर्न आवश्यक पर्ने कानून संसोधन तथा निर्माण नगरिनुले ती सबै प्रावधानहरु निरर्थक बनेका छन् । संविधानको भावना अनुरुप दलित समुदायलाई न्याय प्रदान गर्न आवश्यक ऐन-कानूनको यथाशक्य चाँडो निर्माण गर्नुपर्दछ ।

## छ. अन्तरजातीय विवाह

स्वयम् दलित समुदायकै बीचमा तथा गैरदलित र दलित समुदायबीच विवाह गर्न अझैसम्म बञ्देज छ । कयौं जोडीहरु अन्तरजातीय विवाह गरेबाट विस्थापित भएका छन् भने कतिले विवाह गरेपश्चात् छुट्टिएर एकल जीवन विताइरहेका छन् ।

**ञ. दलित महिला**

दलित समुदायले भोग्नु परेका सामाजिक समस्याबाट सबैभन्दा बढी दलित महिला पीडित छन् । सबैभन्दा बढी छुवाछूतको व्यवहार हुने ठाउँ भनेको धारा तथा पानीपधेरोमा हो । संवैधानिक तथा कानूनी व्यवस्थाले सम्बोधन गरेको भए पनि दलित महिलाले गैरदलित पुरुषसँग विवाह गरेबाट बढी पीडा खेप्नुपरेको छ । त्यस्तै कुनै गैरदलितका महिलाले दलित पुरुषहरुसँग विवाह गरेर आउँदा पनि माइतीबाट बहिष्कृत हुनुपर्ने समस्याले महिला नै पीडित छन् । अन्तरजातीय विवाहले समाजलाई अझ बढी समावेशी बनाउँदै अन्तरघुलनलाई बढावा दिन्छ र छुवाछूत निर्मूल पार्न विशेष भूमिका निवाह गर्छ । समाजलाई बढीभन्दा बढी समावेशी बनाउन तथा छुवाछूतलाई कम गर्न अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्नका लागि विशेष व्यवस्था व्यवस्था गर्नुपर्दछ ।

**झ. सञ्चार**

सञ्चार जगतले अहिलेको २१ औं शताव्दीमा मान्छेको व्यक्तिगत तथा सामाजिक जीवनमा उल्लेख्य प्रभाव पारेको छ । आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा विविध धारणा बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । ०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा सञ्चार जगतले आमनागरिकलाई सुसूचित मात्रै नगरी परिवर्तनमा भूमिका निर्वाह गर्नसमेत प्रोत्साहित गरेको थियो । तर नेपालको सामाजिक कुरीतिलाई हटाउन भने सञ्चारजगतले अपेक्षाकृत प्रयास गर्न सकेको छैन । आम शोषित उत्पीडित समुदायहरुको सामाजिक मुद्दा संचार माध्ययमको सरोकारको विषय विरलै बनेका छन् । दलित समुदायमाथि भएको अन्यायलाई सञ्चार जगतले उजागर गर्दै दलित समुदायलाई न्याय दिलाउने र आम जनसमुदायमा सचेतना बढाउने भूमिका निर्वाह गर्नु पर्छ । राज्यले सञ्चार जगतमार्फत् जसरी जनताका दैनिक अत्यावश्यक सरोकारका विषयमा चेतना फैलाउन लगानी गर्दछ त्यसै गरी जातीय विभेद अन्त्यका लागी पनि आवश्यक लगानी गर्नु पर्दछ ।

**ञ. बहिष्कार र नाकाबन्दी**

तराईका जिल्लाहरुमा दलित समुदायले आफूले इच्छाएको पेशा गर्न पाउँदैनन् । उनीहरुले बाध्य भएर सिनो फाल्ने र कृषि मजदुरी आदि गर्नुपर्दछ । यदि कसैले यी पेशाहरु गर्न इन्कार गरेमा कथित गैरदलितहरुले समयसमयमा नाकाबन्दी गर्ने गरेका घटनाहरु प्रशस्तै छन् । साथै दलित समुदायलाई बहिष्कार गर्ने, उनीहरुले उब्जाएको खाद्यान्न, दूधलगायतका वस्तु उपभोगमा बहिष्कार गर्ने गरेको पाइन्छ । अब बन्ने संविधानले यस्तो किसिमको बहिष्कार र नाकाबन्दीलाई सामाजिक अपराधको रुपमा लिई कडाभन्दा कडा कानूनी कार्वाहीको व्यवस्था गर्नुपर्दछ ।





# कानूनी व्यवस्था

नेपालका प्रथम प्रधानमन्त्री जंगबहादुर राणाले वि.स.१९१० मा लागू गरेको प्रथम मुलुकी ऐनले नेपाली समाजलाई कानूनी रुपमै जातीय विभाजन गरी उपाध्यायदेखि पोडेसम्मको उच नीच श्रृंखला बनाए । जातको आधारमा सानो र ठुलो भनी राज्यको मूल कानूनमै किटानी गरियो । यही कानूनको आधारमा तोकिएको जातीय भेदभाव र छुवाछूतको व्यवहार नगर्ने जो कोहीलाई पनि सजायको भागी बनाइयो । एकै प्रकारको कसुरमा अछूत अथवा पानी नचल्ने जातका भनिएका मानिसलाई अन्यको तुलनामा दोब्बर सजाया गर्ने व्यवस्था गरियो

जहानियाँ राणा शासनले जनतालाई अन्याय र अत्याचारको दबदबामा राखेको अनुभूति जब जनतामा हुन थाल्यो त्यसपछि १९९० को दशकको प्रारम्भदेखि संगठित रुपमा राणाविरुद्ध आवाजहरु सार्वजनिक हुन थाले । २०१७ सालमा पञ्चायती व्यवस्थाको नाममा राज्यसत्ताको सम्पूर्ण बागडोर आफ्नो हातमा लिएर जनताको आँखामा छारो हाल्न २०२० सालको मुलुकी ऐन लागू गरियो । जसको अदलको १० (क) मा जातीय भेदभाव र छुवाछूतको व्यवहार निषेधित गरियो तर त्यस्तो व्यवहार गर्नेलाई दण्ड जरिवाना गर्ने प्रावधान राखिएन ।

जनआन्दोलन २०४६ को उपलब्धिको रुपमा नेपाल अधिराज्यको संविधान २०४७ आयो । यसले दलित समुदायलाई कुनै आशा लाग्दो परिवर्तन नदिए पनि धारा ११ मा समानताको हकमा पिछडिएको वर्ग समुदायका लागि विशेष व्यवस्था गर्न सक्ने र जातीय भेदभाव र छुवाछूतको व्यवहार दण्डनीय हुने प्रावधान उल्लेख गरियो । २०४९ सालमा मुलुकी ऐनको नवौं संशोधन गरी तीन हजारसम्म जरिवाना र १ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरियो । हाल बाह्रौं संशोधनले यस प्रकृतिको अपराध गर्नेलाई १ हजारदेखि २५००० सम्म जरिवाना वा ३ महिनादेखि ३ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ ।

त्यसै गरी जनआन्दोलनको सफलता पछि नेपाली जनताको उपलब्धिको रुपमा आएको अन्तरिम संविधान २०६३ को मौलिक हकअन्तर्गत धारा (१४) मा छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हकमा निम्मानुसारको व्यवस्था गरिएको छ ।

(१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउनेछ ।

(२) कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन ।

(३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गरिने छैन ।

(४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच नीच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(५) उपधारा (२), (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

उपधारा २ अनुसार अझ पनि 'सार्वजनिक प्रयोगमा' भन्ने शब्द राखिनुले व्यक्तिगतरुपमा छुवाछूत वा भेदभाव गर्न पाईन्छ भन्ने आसय बुझाउने भएकोले अन्तरिम संविधान २०६३ भित्र अस्पष्टता र त्रृटी रहेको छ ।

## जातीय भेदभाव विरुद्धका अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरु

**मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८**

यो बडापत्रको धारा ३ ले प्रत्येक व्यक्तिको बाँच्न पाउने हक, स्वतन्त्रताको हक लगाएतको सुनिश्चितता गरेको छ । धारा ४ ले कसैले कसैलाई दास वा बाँधा मजदुरकोरुपमा राख्न वा काम लगाउन नपाउने व्यवस्था गरेको छ । धारा ७ ले कानूनको अगाडि समानता र बिनाभेदभाव राज्यद्वारा संरक्षण हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी धारा १५ ले राष्ट्रियताको हक, धारा १६ ले उमेर पुगेका युवा युवतीले जातीय तथा धार्मिक भेदभावविना विवाह गर्न पाउने हक, धारा २२ ले सामाजिक सुरक्षाको हक, धारा २३(२) ले काम छान्न र गर्न पाउने हक एवं विनाभेदभाव रोजगारी प्राप्त गर्ने हक, धारा २६ ले व्यक्तित्व विकासका लागि शिक्षाको हक र धारा २७ ले विना रोकतोक आफ्नो संस्कृतिको पालना वा अवलम्वन गर्ने हक प्रत्याभूत गरेको छ ।

**सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५**

जातीय विभेद विरुद्ध यो महासन्धिको धारा १ ले भेदभावको परिभाषा गर्दै जात, रङ्ग, वर्ण, धर्म, वंश राष्ट्रियता वा जातीय उत्पत्तिको आधारमा होच्याउने, अलग्याउने, निषेध, वहिस्कार वा त्यस्ता कार्यलाई प्रोत्साहन गर्नुलाई भेदभाव मानेको छ । धारा २ (ङ) ले राज्यले समानता स्थापित गर्नका लागि प्रभावकारी शिक्षा नीति अवलम्बन गर्नुपर्ने, धारा ३ ले राज्यले यस्ता भेदभावको निन्दा गर्दै आफ्नो देशबाट उन्मूलन गर्ने पूर्ण दायित्व लिने, धारा ५ ले राज्यले प्रत्येक नागरिकलाई जाति, रङ्ग, धर्म वा वर्णका आधार भेदभाव नहुने कुराको प्रत्याभूति गर्नुपर्दछ भन्ने व्यवस्था गरेको छ । त्यसता किसिमका भेदभावबाट हुने हिंसा वा शारीरिक क्षतिको पूर्णरुपले राज्यले जिम्मेवारी लिनुपर्ने प्रावधान गरेको छ । त्यसै गरी यस महासन्धिको धारा ७ ले राज्यले अविलम्ब शिक्षा, संस्कृति, र सूचनाकोमाध्यमबाट भेदभाव विरुद्ध लड्न र सामाजिक सहिष्णुता कायम राख्न प्रभावकारी उपायहरु अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ ।





**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६**

यो अनुबन्धको धारा १ ले सबै मानिस आर्थिक, राजनीतिक, सामाजिक तथा साँस्कृतिक विकासका लागि आत्मनिर्णयको हकदार हुनेछन् भन्ने व्यवस्था गरेको छ । यस अनुबन्धको धारा ११ ले खाना, आवास र कपडाको उचित प्रवन्धका साथै नियमित विकासको प्रत्याभूत राज्यले गर्नुपर्ने उल्लेख गरेको छ ।

मानव अधिकारका लागि भएका अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि र प्रस्तावहरु नेपालले सरल ढंगबाट अनुमोदन गर्ने गरेको भए तापनि त्यसले प्रदत्त गरेको मानवअधिकारका प्रावधानहरु दलित एवं दलित महिलाहरुका हकमा हाल सम्म राज्यले कार्यान्वयन गर्न तत्परता देखाएको पाईदैन । यसरी नै राज्यले हालसम्म तल उल्लेखित अन्तर्राष्ट्रिय मानवअधिकारसम्वन्धी प्रावधानहरुमा हस्ताक्षर गरिसकेको छ ।

- क नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६
- ख महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्वन्धी महासन्धि १९७९
- ग बालअधिकारसम्बन्धी महासन्धि १९८९
- घ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- ङ यतना तथा अन्य क्रुर अमानविय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धकोमहासन्धि, १९८४
- च सबै किसिमका जाती भेदभाव उन्मूलन गर्ने सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७९
- छ दासत्व विरुद्धको महासन्धि १९२६
- ज अन्तर्राष्ट्रिय मानवीय कानून १९४९

## शिक्षा तथा स्वास्थ्यको सन्दर्भमा भएको व्यवस्था

सामाजिक विकासका सूचकहरुलाई केलाउँदा राष्ट्रिय साक्षरता दर ५४ प्रतिशत हुँदा दलितको जम्मा ३३.८ प्रतिशत मात्रै छ ।उच्च शिक्षातर्फको अवस्था हेर्दा दलितको अवस्था अझ नाजुक भएको कुरा एसएलसी उत्तीर्ण गर्ने राष्ट्रिय सरदर कुल साक्षर जनसंख्याको १७.६ प्रतिशत, दलितहरुको जम्मा ३.४ प्रतिशत र बाहुन क्षेत्रीको २४.७ प्रतिशतले प्रष्ट पार्दछ । स्वास्थ्यतर्फ दलितको सरदर आयु राष्ट्रिय सरदरभन्दा ८ वर्ष कम र शिशु मृत्युदर दलितमा राष्ट्रिय सरदरभन्दा ४१ अंकले बढी छ । दलित महिलाको प्रजनन् दर राष्ट्रिय सरदरभन्दा ०.७ ले बढी हुनुले परिवार नियोजनका साधनको प्रयोगमा कमी तथा दक्ष स्वास्थ्यकर्मीको सेवाबाट वञ्चित भएको देखाउँछ ।

दलित समुदायलाई शिक्षालगायत हरेक क्षेत्रमा शताब्दीऔं देखि पछाडि पारिएको छ । मनुस्मृतिमा लेखिएको 'अछूतहरुले विद्याआर्जन गर्न वर्जित छ, यदि तिनीहरुले विद्याआर्जन गरिहाले भने उनीहरुको जिब्रो काटिदिनु, सुनेमा कानमा झिर (तातो फलामको सुइरो) रोपिदिनु' जस्ता युक्तिहरु यस समाजले अनुसरण गर्दै आएको हुनाले दलित समुदाय शिक्षाको पहुँचबाट वञ्चित

रहनु पर्‍यो । करिब डेढ सय वर्ष अगाडि स्थापित दरबार हाईस्कूललाई छोडिदिने हो भने नेपालको शैक्षिक इतिहास एकदमै छोटो छ । नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापित भएपश्चात् पनि विद्यालय शिक्षामा उच्च घरनियाहरुको हालीमुहाली रह्यो । उनीहरुले नै शिक्षाकोमाध्यमबाट सरकारी सेवामा प्रवेश गर्ने, शासन व्यवस्थाको समिप्यमा रहने र वैध-अवैध सम्पूर्ण विशेष अधिकारहरु, सुविधाहरु र साधन श्रोतको पहुँचमा हालीमुहाली गर्दै आए ।

## क. शिक्षा र स्वास्थ्यको सन्दर्भमा संवैधानिक र कानूनी व्यवस्था

शिक्षा ऐन २०२८ को छैठौ संसोधनले दफा १६ (घ) २ मा गरिबीको रेखामुनि रहेका दलितलगायतका जनजातिहरुका लागि सामुदायिक विद्यालयमा नि:शुल्क शिक्षाको व्यवस्था गरेको छ । दलित समुदायका शैक्षिक सवालहरु संविधानहरु (खासगरी २०४७) मा उल्लेख गरिए तापनि स्पष्ट र किटानीका साथ आउन सकेनन् । लेखिएका कुराहरु पनि व्यवहारमा लागू गर्नको लागि राज्यले ठोस भूमिका खेल्न सकेन । नेपाल अधिराज्यको संविधान, (२०४७) को धारा २६ (७) मा महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने भन्ने छ । त्यस्तै २६ (८) ले राज्यले बालबालिकाको शोषण हुन नदिने, उनीहरुको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्ने र नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमश: गर्दै जाने, २६(१०) ले शिक्षा स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिकरुपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने भन्ने उल्लेख गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ (तेस्रो संसोधन) को भाग-४ को “राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरुको” धारा ३३ को “राज्यको दायित्व” अन्तर्गतको उपधारा (ज) मा शिक्षा, स्वास्थ्य नागरिकको अधिकार हुनेछ भन्ने छ । यसैको धारा ३५ को “राज्यको नितीहरुको” उपधारा १० मा शिक्षा, स्वास्थ्य र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गर्ने भनी उल्लेख गरिएको छ । तथापि यी प्रावधानहरु अधुरा थालनी र अलपत्रे क्रियाकलाप भएका छन् ।

नेपालमा बाहुनको साक्षरता प्रतिशत ७४.९ पुग्दा दलितको साक्षरता ३३.८ प्रतिशत मात्र छ । प्रवेशिका उत्तीर्ण गर्ने दलित विधार्थी ३.८ प्रतिशत र उच्च शिक्षा अध्ययन गर्ने ०.४ प्रतिशत छन् भने बाहुन्/क्षेत्रीको क्रमश: २४.७ प्रतिशत र ५.४ प्रतिशत छ । यसमा पनि कतिपय दलितहरु जस्तै बादी, चमार, बटार, डोम, हलखोर आदिको शैक्षिक पहुँच स्नातक गर्नेमा शून्य नै छ । *(श्रोत: जी. एस. ई. ए., २००५)*

दलित बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था निकै नै ढिलो गरी आ.व. २०५२/०५३ देखि प्राथमिकतहबाट सुरु गरिएको थियो । आ.व. २०६१/०६२ बाट मात्र माध्यमिक तह, उच्च माध्यमिक तह (छात्रवृत्ति बैंक) र उच्च शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था गरिएको थियो । सबैको लागि शिक्षा (EFA) कार्यक्रमबाट ५ प्रतिशत छात्रवृत्ति रकम छुट्टयाइएको छ । उच्च माध्यमिक शिक्षा परिषद्ले आ.व. २०६१/०६२ देखि निजी क्षेत्रकोसमेत साझेदारीमा छात्रवृत्ति बैंक/विद्यार्थी बैंकको अवधारणा सुरु गरी सरकारी तथा निजी उच्च मा.वि. हरुमा नि:शुल्क अध्ययन गर्ने व्यवस्था गरेको छ । जसमा ६०० जनाको कोटामा ३७६ जना दलित विद्यार्थीहरुले मात्र यो सुविधा प्राप्त गर्न सकेका छन् । शैक्षिक जनशक्ति विकास केन्द्रले आ.व.





२०६०/०६१ देखि दलित तथा जनजाति समूहलाई शिक्षाको मूलधारमा ल्याउने रणनीतिअनुरुप विभिन्न १२ जिल्लामा दश महिने पूर्व सेवाकालीन प्राथमिक शिक्षक तालीम संचालन गरेको थियो । सन् २००७ सम्ममा २५०० जनालाई तालीम प्रदान गर्ने लक्ष्य राखिएकोमा तालीम प्राप्त गर्ने संख्या एक चौथाइमै सीमित रहयो । जसले सरकारको शिक्षा निती र यसको कार्यान्वयन पक्ष अत्यन्तै फितलो छ भन्ने स्पष्ट पार्दछ ।

दलित बालबालिकाहरुको प्राथमिकतहको भर्ना दर न्यून रहेको छ । यो दर नि.मा.वि. र मा.वि. मा घट्दै गई उच्च शिक्षामा नगण्य हुने गरेको छ । राज्यले मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा हस्ताक्षर गरे पनि उक्त घोषणापत्रको धारा २६ को उपधारा १ बमोजिम शिक्षा नागरिकको शाश्वत अधिकारको रुपमा स्थापना गर्ने कुरामा ध्यान दिन सकेको छैन । त्यस्तै नि:शुल्क शिक्षा, अनिवार्य शिक्षा, शिक्षामा सहज पहुँच जस्ता कार्यक्रममा राज्यको प्रतिबद्धता देखिंदैन ।

## ख. शिक्षा र स्वास्थ्यको अधिकारका सन्दर्भमा अन्तर्राष्ट्रिय प्रावधान

राज्यले सहमती जनाई हस्ताक्षर गरिसकेको “आर्थिक, सामाजिक तथा साँस्कृतिक आधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६” को धारा ३ को उपधारा २ मा व्यवस्था भए बमोजिम हरेक उपायहरु अवलम्बन गरेर नि:शुल्क शिक्षा र उच्च शिक्षामा सहजै पहुँच पुर्‍याउने उल्लेख छ । त्यस्तै “बाल अधिकारसम्बन्धी महासन्धि १९८९” मा उल्लेख भएअनुसार विनाभेदभाव बालअधिकारको चौतर्फी विकासका लागि शिक्षाको अधिकार सुनिश्चित गर्ने र उनीहरुको शिक्षा आर्जनमा कुनै बाधा पुग्ने कार्य नगर्ने ग्यारेन्टी गर्नुपर्दछ । “सबैको लागि शिक्षा-२०१५” मा व्यवस्था भएबमोजिम संकटाभिमुख र बञ्चित वर्गको शिशुस्याहार, शिक्षा विस्तार एवम् अनिवार्य गुणस्तरीय शिक्षा, लैङ्गिक सन्तुलनलगायत समावेशी पाठ्यक्रमको तर्जुमा गर्न राज्यको ध्यान जानुपर्दछ । “जातीय विभेद विरुद्ध विश्व सम्मेलन २००१ का बुँदाहरु १३, १४, १५ मा व्यवस्था भएका प्रावधानहरुलाई व्यवहारमा परिणत गर्न तदनुरुपका नियम, विनियम र कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने आजको टड्कारो आवश्यकता बनेको छ । यसको उद्देश्य प्राप्तिका लागि राष्ट्रिय शिक्षा ऐन/नियमावली अन्तर्गत विश्वविद्यालय शिक्षा ऐन, शिक्षा सेवा आयोग, उच्च माध्यमिक शिक्षा परिषद्को शिक्षा ऐन/ नियमावली, राष्ट्रिय शिक्षा नीति आदिको पुन:संरचना गरी यी सबैमा दलितहरुको सहभागिता, र उनीहरुको शैक्षिक एजेण्डाहरुको प्रत्याभूतिको सुनिश्चितता गर्नुपर्दछ ।

## ग. शिक्षा र स्वास्थ्यको सन्दर्भमा राज्यको पहल

दलित युवाहरुलाई विभिन्न शैक्षिक कार्यक्रमहरु मार्फत् सबल प्रतिस्पर्धी बनाउने, स्वरोजगार सिर्जना गर्न सक्ने तथा उद्यमशील नागरिक बनाउने कार्यक्रमहरु संचालन गर्नुपर्दछ । अन्तरिम संविधान २०६३ को भाग-४ को धारा ३५ (१६) मा उल्लेख गरेबमोजिम दलित युवालाई प्राविधिक शिक्षा, तालीम तथा प्रशिक्षणको व्यवस्था गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षामा कोटा प्रणाली/आरक्षण प्रणालीको व्यवस्था एवं कार्यान्वयन गर्ने नीति छ । आर्थिक

बर्ष २०६१/०६२ मा त्रिभुवन विश्वविद्यालयले चिकित्सा र इन्जिनियरिङमा दलितलाई १० प्रतिशत आरक्षण दिने व्यवस्थालाई संविधानले कानून बनाएर मात्र विशेष व्यवस्था गर्न सक्ने भनी यसका विरुद्ध परेको रिटमा सो आरक्षणलाई सर्वोच्च अदालतले बदर गरेकोले यथासक्य यसलाई कानूनद्वारा सुनिश्चित गर्नु आवश्यक छ ।

नवौं पञ्च बर्षे योजना (२०५४-०५९) मा उच्च प्राविधिक शिक्षा (चिकित्सा, इन्जिनियरिङ, बन, कृषि आदि) मा भर्नाको लागि दलित कोटा छुट्ट्याउने र हरेक माध्यमिक विद्यालयमा कम्तीमा एउटा दलित शिक्षकको व्यवस्था गर्ने व्यवस्था भए पनि यसको कार्यान्वयन हुन सकेन । उच्च शिक्षामा दलितलाई छात्रवृत्ति उपलव्ध गराउने कार्यक्रम पनि थप प्रभावकारी हुन सकेन । यसर्थ उच्च शिक्षालाई दलितको सहज पहुँचमा पुर्‍याउने संयन्त्रको विकास गर्नु पर्ने देखिन्छ । दशौं पञ्च बर्षे योजना (२०४९-०६४) मा समेत माध्यमिकतहसम्मको नि:शुल्क शिक्षा र न्यून रकमको छात्रवृत्ति प्रदान गर्ने व्यवस्था थियो । यसै योजनामा व्यवस्था गरिएको दलित महिला शिक्षिका वा दलित समुदायका व्यक्तिबाट शिक्षकको व्यवस्था, उच्च शिक्षा (विशेषत: उच्च प्राविधिक शिक्षा) को सहज पहुँचको व्यवस्था, छात्रवृत्ति वृद्धिको व्यवस्था लागू हुन सकेन । दलित श्रम र सीपको विकास एवम् प्रवर्द्धन हुने गरी शैक्षिक पाठ्यक्रमको निर्माण तथा तदनुरुपको अध्ययन अध्यापन गर्ने/गराउने व्यवस्था पनि सफल भएनन् ।

निजी विद्यालयमा नि:शुल्क शिक्षाको व्यवस्था गर्न नसक्नु, उच्च शिक्षामा दलितहरुको पहुँच पुर्‍याउने निश्चित प्रावधान नहुनु, शुल्कबाहेक अन्य खर्चमा ध्यान नपुर्‍याउनु, छात्रवृत्ति रकम ज्यादै न्यून हुनु, (वार्षिक रु. २५०/- प्रा.वि.मा.) छात्रवृत्तिको संयन्त्र पारदर्शी नहुनु, छात्रवृत्तिको निर्धारण तथा वितरण र अनुगमनमा दलित समुदायको सहभागिता नहुनु जस्ता समस्या कायमै छन् । दलित समुदायका अभिभावकको छोराछोरी माथिको निर्भरताका सन्दर्भमा उचित कार्यक्रम नहुनु, उच्च माध्यामिक शिक्षा परिषद्को छात्रवृत्ति बैंकको अवधारणालाई सबै तहसम्म लागू गर्ने प्रावधान नहुनु अर्को समस्याको रुपमा रहेको छ । क्षेत्रीय र केन्द्रीयस्तरमा दलित भोजनालयसहितका छात्राबासहरुको निर्माणको आवश्यकता देखिन्छ ।

दलित समुदायमा अशिक्षा र चेतनाको कमीका कारण धुम्रपान र मद्यपानको अत्याधिक प्रयोगले गर्दा क्षयरोग, दम तथा छातीको रोगहरु लाग्ने, शरीर कमजोर हुने समस्याबाट पीडित छन् । अधिक शारीरिक परिश्रम तर सन्तुलित खानाको अभाव, स्वास्थ्य परीक्षणमा असजकता तथा पहुँच नुहुन, धामी झाँक्रीमा भरपर्नु आदिले गर्दा दलित समुदायको औसत आयु करिव ५० वर्षमात्र रहेको छ । जुन नेपालीको औसत आयुभन्दा करिव दश वर्ष कम हो । त्यस्तै पौष्टिक आहारको कमी तथा अज्ञानता र उच्च जन्म वृद्धिदर (४.७%), बालविवाह, सुत्केरी अवस्थामा उचित खानपिनको अभाव अर्को महत्वपूर्ण समस्या हो । धेरै कामको बोझ, आङखस्ने समस्या, अशिक्षाको कारण स्वास्थ्यसम्बन्धी अन्धविश्वासहरु ( छाउपडी प्रथा), बच्चाहरुमा कुपोषण, खोपहरुको अभाव जस्ता समस्याहरु यथावत रहेका छन् ।





# नयाँ संविधानमा दलित समुदायका सवालहरु

## क. नागरिकका राजनीतिक सवालहरु

१ केन्द्रीकृत ढाँचाबाट अहिलेसम्म दलित समुदायको उत्थान हुन नसकेको कारण नयाँ बन्ने संविधानमा राज्यलाई संघीय ढाँचामा लैजानु पर्दछ । राज्यको पुन:संरचना गर्दा जातीय, क्षेत्रीय, भाषिक, प्राकृतिक स्रोत, आर्थिक स्रोतलगायतलाई आधार बनाई पुन:संरचना गर्नु पर्दछ । दलित समुदायको बसोबास मेचीदेखि महाकाली, हिमालदेखि तराईसम्म फैलिएर रहेको र कुनै पनि स्थानमा सघनता नभएको हुँदा केन्द्र र संघीयराज्य तथा स्थानीय निकायमा २० प्रतिशत आरक्षणसहित हरेक संघहरुमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुनुपर्दछ ।

२. संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशीकरणको नीति अवलम्बन गर्नुपर्दछ ।

३. राज्यको पुन:संरचना गर्ने प्रक्रियादेखि नै दलित समुदायलाई समावेश गराउनु पर्दछ । त्यसका लागि बन्ने विभिन्न आयोग, विकास समिति तथा कार्यदलहरुमा दलित समुदायको अनिवार्य तथा अर्थपूर्ण उपस्थिति रहने व्यवस्था गर्नुपर्दछ ।

४. राज्यको सबै तह/निकायहरुमा दलित समुदाय, त्यसमा पनि मधेसी दलित, नेवारी दलित, अन्य अल्पसंख्यक दलित जातिहरु, कर्णालीका दलित र दलित महिलाको जनसंख्याको आधारमा अनिवार्य रुपमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्दछ ।

५. राष्ट्रिय दलित आयोगलाई अधिकारसम्पन्न संवैधानिक आयोग बनाउनु पर्दछ ।

६. दलित समुदायलाई आरक्षणको कार्यक्रम लागू गर्न र दलितहरुको आर्थिक, राजनीतिक र सामाजिकलगायतको अवस्था पत्ता लगाउन दलित विशेष जनगणना गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. धार्मिक स्वतन्त्रताको रक्षा गर्दै कुनै पनि एक धर्मलाई मात्र स्वीकार गर्ने वा पक्षमा वकालत गर्ने राजनीतिक पार्टीलाई निषेध गरिनु पर्दछ ।

८. राजनीतिक पार्टीहरुको सबै निकायहरुमा कम्तीमा २० प्रतिशत दलित समुदायको प्रतिनिधित्व हुने व्यवस्था हुनु पर्दछ । प्रत्येक राजनीतिक पार्टीहरुले समावेशी, समानुपातिक प्रतिनिधित्वको सिद्धान्त, सामाजिक रुपान्तरणसम्बन्धी नीतिमार्फत् छुवाछूत अन्त्य गर्ने प्रतिबद्धताहरु अवलम्बन गर्नु पर्दछ । त्यस्तो नगर्ने पार्टीलाई निर्वाचन आयोगमा दर्ता गर्न नदिने नीति बनाउनु पर्दछ ।

९. कुनै पनि राजनीतिक पार्टीका कार्यकर्ताले जातीय भेदभाव तथा छुवाछूतको व्यवहार गर्नेलाई पार्टी कार्यकर्ता बनाउन नहुने व्यवस्था गर्नु पर्दछ । यदि कुनै पार्टीका नेता कार्यकर्ताले जातीय भेदभाव तथा छुवाछूत गरेमा राज्यले राजनीतिक पार्टीलाई स्पष्टीकरण लिने र कार्वाही गर्ने प्रावधान हुनुपर्दछ ।

## ख. सामाजिक सवाल

१ छुवाछूतको अन्त्यका लागि संवैधानिक प्रावधानको व्यवस्था गर्नुपर्दछ । दण्डहीनताको अन्त्य गर्नका लागि छुवाछूतलाई राज्यविरुद्धको अपराध गरेको ठहर गरी कडा दण्ड सजायको व्यवस्था गर्नु पर्दछ ।

२. दलित समुदायबाट उत्पादित सेवा र वस्तुहरुमा भेदभाव तथा छुवाछूत गर्न नपाउने र भेदभाव गरेमा दण्डनीय बनाउनु पर्दछ ।
३. धर्मनिरपेक्ष राज्यलाई निरन्तरता दिनु पर्दछ र व्यवहारमा लागू गराउने नीति र कार्यक्रम तय गरी लागू गर्नु पर्दछ ।
४. दलित समुदायको अधिकार स्थापना गर्ने खालका चलचित्र, प्रकाशन, पाठ्यपुस्तक र अन्य सञ्चार सामग्रीहरुको प्रकाशन र प्रसारणमा राज्यले विशेष नीति अवलम्बन गर्नु पर्दछ ।
५. अन्तरजातीय विवाहबाट प्रभावित भएका परिवारलाई संरक्षण र प्रोत्साहनको कानूनी व्यवस्था गरी विस्थापितलाई स्थापित गर्ने प्रावधानहरु राखिनु पर्छ ।
६. सरकारी तथा निजी क्षेत्रका कर्मचारी, राजनीतिक पार्टीका कार्यकर्ता, सामाजिक कार्यकर्ताका लागि जातीय भेदभाव तथा छुवाछूतको व्यवहार विरुद्धमा राज्यले विशेष कार्यक्रम संचालन बनाई लागू गर्नु पर्दछ ।
७. जातीय आधारमा कसैलाई कुनै धर्म मान्नबाट वा मठमन्दिरमा गई पूजापाठ गर्नबाट बञ्चित गरिनु हुँदैन । यदि कसैले गरेमा सामाजिक अपराधसरह कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ ।
८. दलित समुदायको कला, सीप, भाषा र संस्कृतिलाई मान्यता दिदै त्यसको संरक्षण र प्रबर्द्धन गर्नु पर्दछ ।
९. दलित महिलालाई घरेलु हिंसाबाट पूर्णसुरक्षाको अनुभूति दिलाउनु पर्दछ । दलित समुदायलाई कुनै पनि प्रथा, प्रचलनकोआधारमा भेदभाव तथा शोषण गरेमा कानून वमोजिम दण्ड सजायका व्यवस्था परिनु पर्दछ ।
१०. दलित समुदायअन्तर्गतको बादी जातिको उत्थानको लागि छुट्टै प्याकेज निर्माण गरी लागू गर्नु पर्दछ ।
११. सामाजिक सुरक्षाको सर्वमान्य अवधारणाअनुरुप दलित समुदायलाई सामाजिक सुरक्षा व्यवस्था गरिनु पर्ने छ ।
१२. प्रत्येक व्यक्तिको मानविय मर्यादा पूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति हुनु पर्दछ ।
१३. दलित समुदायको आत्मसम्मानमा डेस पुग्ने किसिमको शब्द तथा साँस्कृतिलाई कानून बनाई निरुत्साही गर्नु पर्दछ ।
१४. समाजमा दलित समुलायले आफ्नो अधिकार प्रयोग गर्दा असुरक्षाको स्थिति वेर्होनु परिरहेको हुँदा आफ्नो अधिकार प्रयोग गर्दा शान्ति सुरक्षाको ग्यारेन्टी गर्नु पर्दछ ।

## ग. आर्थिक सवाल

१. दलित समुदायलाई निजामती, जंगी, प्रहरी, शिक्षण, विश्वविद्यालय प्राध्यापक तथा कर्मचारी आदि सरकारी सेवामा दलित समुदायलाई २० प्रतिशत संवैधानिक आरक्षणको सुनिश्चित गर्नु पर्दछ । निजी क्षेत्रमासमेत दतिल समुदायलाई २० प्रतिशत आरक्षणको व्यवस्था गर्नु पर्दछ । हरेक रोजगारका अवसरहरुमा दलित महिला र मधेसी दलितलाई विशेष प्राथमिकता साथ अवसर प्रदान गर्नु पर्दछ ।
२. दलित समुदायको आर्थिक अवस्थामा सुधार गर्नको लागि भूमिहीन दलित समुदायको पहिचान गर्ने र क्रान्तिकारी भूमिसुधारमार्फत् दलित समुदायलाई न्यायोचित रुपमा भूमि उपलब्ध गरी भू-स्वामित्व प्रदान गर्ने ।





३. परम्परागत पेशालाई वैज्ञानिकीकरण, प्रमाणिकरण, आधुनिकीकरण तथा व्यवसायीकरणको लागि राज्यले विशेष संरक्षण र प्रबर्द्धनको नीति अवलम्बन गर्नुपर्दछ ।
४. राज्यले दलित समुदायलाई उद्योग, व्यवसाय सञ्चालन गर्दा कर छुटको व्यवस्था गरिनु पर्दछ । वैदेशिक रोजगारमा जान बिनाधितो ऋण दिने व्यवस्था गर्नु पर्दछ ।
५. दलित समुदायले उत्पादन गरेका विभिन्न वस्तुहरुको बजारको व्यवस्थापन राज्यतहबाट गर्नु पर्दछ ।
६. दलित समुदायको श्रममाथि शोषण गर्ने कुप्रथाहरु बालिघरे, खलिया, हलियाको अन्त्य गरी उनीहरुलाई वैकल्पिक रोजगारको व्यवस्था गर्नु पर्दछ । त्यसै गरी सिनो फाल्न बाध्य पार्ने, बेठ, बेगारी, हरुवा, चरुवा राख्ने आदि श्रम शोषणाबाट पीडित दलित समुदायलाई मुक्त गरी पुन:स्थापना गर्दै उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ ।
७. दलित समुदायको आर्थिक तथा सामाजिक विकासको लागि दीर्घकालीन गुरुयोजना तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।
८. आर्थिक समस्याले गर्दा दलित समुदाय सन्तुलित र सुरक्षित खाद्यान्नबाट बञ्चित रहेको हुँदा खान पाउनुपर्ने मौलिक अधिकारको प्रत्यभूती गरी दलित समुदायको खाद्य सम्प्रभुताको ग्यारेण्टी गर्नु पर्दछ ।
९. दलित महिलाहरुले तेहोरो शोषणको भार खेपिरहेको हुनाले आर्थिक विकासको लागि राज्यले दलित महिलाको उत्थान र विकासका लागि विशेष नीति तथा कार्यक्रम लागू गर्नुपर्दछ ।
१०. वैदेशिक रोजगारीमा दलित समुदायलाई विशेष अवसर प्रदान गर्दै दलित समुदायको क्षमता अभिवृद्धिको निम्ती विशेष नीतिको व्यवस्था गर्नुपर्दछ ।
११. विकास निर्माणका पूर्वाधारमा दलित समुदायको बस्तीलाई प्राथमिकता र उनीहरुको पहुँच सुनिश्चित गर्नुपर्दछ ।
१२. समान ज्यालाको व्यवस्था हुनु पर्दछ ।
१३. राज्यको हरेक श्रोत र साधनमाहरुमा (जल, जंगल र जमिन) दलितहरुको पहुँचको सुनिश्चित गर्ने ।
१४. राष्ट्रिय उद्योग धन्दामा पहुँच बढाँउन दलित समुदायलाई शेयर खरिद गर्न ऋणको व्यवस्था गर्नु पर्दछ ।

## घ. कानूनी सवाल

१ जातीय भेदभाव तथा छुवाछूतको परिभाषासहित त्यस्तो व्यवहार मानव जीवनका सबै क्षेत्रमा निषेधित र दण्डनीय हुने कानूनी प्रावधान बनाउनु पर्दछ ।
२. भेदभावजन्य परम्परागत पेशा तथा व्यवसायलाई मर्यादित बनाउन राष्ट्रिय श्रम नीतिमा परिवर्तन गर्नु पर्दछ । उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई परिवर्तन गरी एक स्वतन्त्र दलित बिकास परिषद्को स्थापना गनु पर्दछ ।
३. सबै न्यायिक तथा अर्धन्यायिक निकायलाई जातीय दृष्टिकोण स्पष्ट पार्न उपयुक्त तालीम तथा अभिमूखीकरणको नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. छुवाछूतको मुद्दा हेर्ने विशेष अदालतको व्यवस्था गरी यथाशीघ्र पीडितलाई न्याय र दोषीलाई सजायको ग्यारेण्टी गर्नुपर्दछ ।
५. मानअधिकारको ग्यारेन्टी गरिनु पर्दछ ।
६. राज्यले अनुमोदन गरेका मानव अधिकार सम्बन्धि महासन्धि, अनुबन्ध, अभिसन्धि आदिको अक्षरस पालना गरिनु पर्दछ ।
७. दलित समुदायको पक्षमा निर्मित कानूनको कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने राज्यद्वारा संयन्त्र बनाउने व्यवस्था गर्नु पर्दछ ।

### ङ. शैक्षिक सवाल

१. दलित समुदायलाई प्राथमिकतह देखि उच्च शिक्षासम्म अनिवार्य नि:शुल्क अध्ययन गर्ने संवैधानिक व्यवस्था गर्नु पर्दछ ।
२. दलित समुदायलाई होच्याउने र भेदभाव झल्काउने पाठ्य सामग्रीलाई हटाई आत्मसम्मान र स्वाभिमान वृद्धि गर्ने र समतामूलक समाजका साथ सामाजिक न्याय स्थापनामा सघाउ पुऱ्याउने खालका पाठ्यसामग्री राख्ने व्यवस्था गर्नको लागि संविधानमा उल्लेख गर्नुपर्दछ ।
३. प्राविधिक तथा उच्च प्राविधिक शिक्षातर्फ चिकित्सा, इन्जिनियरिङ, वन विज्ञान, कृषि सूचनाप्रविधि आदिमा दलित समुदायको लागि २० प्रतिशत कोटाको व्यवस्था गरी दलित-दलितबीच प्रतिस्पर्धामा नि:शुल्क अध्ययन गर्ने व्यवस्था गनु पर्दछ ।
४. निजी विद्यालय र सामुदायिक विद्यालयमा विद्यमान २ प्रकारको शिक्षा प्रणालीको अन्त्य गरी एकै प्रकारको वैज्ञानिक शिक्षा प्रणाली अवलम्बन गर्ने नीति लागू गर्नुपर्दछ ।
५. रोजगारीको समस्या सबभन्दा बढी दलित समुदायमा रहेकोले शिक्षा प्राप्त गरिसकेपछि रोजगारीको ग्यारेण्टी गर्नु पर्दछ । साथै दलित समुदायको स्वावलम्बन र स्वरोजगार वृद्धिका लागि शैक्षिक प्रमाणपत्रको आधारमा ऋण उपलब्ध गराउने नीति अवलम्बन गर्नु पर्दछ ।
६. शैक्षिक क्षेत्रमा वा अन्य कुनै स्थानमा कसैले जातीय भेदभाव/छुवाछूतको व्यवहार, आसय भेदभाव तथा मनोवैज्ञानिक असर पुग्ने खालको व्यवहार गरेमा कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ ।
७. प्रत्येक शैक्षिक संस्थानहरुमा दलित शिक्षकको व्यवस्थापन गर्न सम्पूर्ण शिक्षक दरबन्दीमा २० प्रतिशत दलित समुदायबाट नियुक्त गर्ने व्यवस्था गर्नुपर्दछ ।

### च. स्वास्थ्य

१ दलित समुदायलाई लक्षित गरी सन्तुलित भोजन, सरसफाई र स्वास्थ्यसम्बन्धी चेतना जगाउने कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।
२. स्वास्थ्यको हकलाई मौलिक हककोरुपमा राखी नि:शुल्क औषधि उपचारको व्यवस्था हुनु पर्दछ ।
३. दलित महिलाको प्रजनन् स्वास्थ्य तथा परिवार व्यवस्थापनसम्बन्धी सेवा राज्यले नि:शुल्क उपलब्ध गराउनु पर्दछ ।
४. दलित समुदाय भित्र शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउन विशेष कार्यक्रम तथा सेवा/सुविधाको ग्यारेण्टी गर्नु पर्दछ ।





४. दलित समुदायका बस्तीहरुमा खानेपानी, सरसफाईको अत्यन्तै अभाव रहेको हुनाले विशेष प्राथमिकताका साथ सुद्ध खानेपानीको व्यवस्था, ढल, निकास, जस्ता स्वास्थसँग सम्बन्धित योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## सन्दर्भ सामग्रीहरु:


१. नेपालको अन्तरिम संविधान, २०६३, नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति
२. बागचन्द, रत्नबहादुर, २००३, दलित उपयोगी कानूनी हाते पुस्तिका, अल्हुरेड्स नेपाल
३. बागचन्द, रत्नवहादुर, संविधानसभाद्वारा निर्माण गरिने नयां नेपालको संविधान (दलित सम्वन्धी व्यवस्थाका लागि मस्यौदा र व्याख्यात्मक टिप्पणी)
४. Oxford The Concise Dictionary of Politics, 2006, Indian Edition, Third Impression
५ विश्वकर्मा हिरा, २००३, दलित आन्दोलनमा हिरा विश्वकर्माका समसायिक विचारहरु, जनउत्थान प्रतिष्ठान तथा दलित सेवा संघ
६. तीन बर्षीय अन्तरिम योजना, मंसिर २०६४, नेपाल सरकार, राष्ट्रिय योजना आयोग
७. Unequal Citizens, Gender, Caste and Ethnic Exclusion in Nepal, 2006, DFID, World Bank
८. मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि/अनुबन्ध
९. दलित अधिकारका लागि काठमाडौं वडापत्र, २०६४ मंसीर ३०, संयोजन NNDSWO/कासु
१०. ताम्राकार, टेक, २०६३, दलित समुदायको सर्वाङीण हकहित संरक्षणका लागी नेपालको अन्तरिम संविधान २०६३ मा समेटिनुपर्ने आधारभुत कुराहरु, (डि.डि.एल.) नेपाल
११. मुलुकी ऐन
१२. नेपाल अरिराज्यको संविधान २०४७
१३. बगाले, अर्जुनसमेत, दलित सवालमा सावर्जिनिक सरोकारका मुद्दाहरु र सर्वोच्च अदालतको भूमिका, दलित गैरसरकारी संस्था महासंघ
१४. Kathmandu Declaration, November 2004, Dalit NGO Federation
१५. Recasting Justice System, 2008, Center for human Rights and global Justice NYU, school of law,
१६. Dalit strategy Paper, 2002, National Planning Commission, Action-Aid, Care Nepal, Save The Children US


■■■